मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १३ | २०८० साल मंसिर १५ गते शुक्रबार | Friday 01, December 2023 | सूर्योदय: बिहान ६:३६ बजे | सूर्यास्त: साँझ ५:११ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## पौने २८ करोडको ठेक्कामा पाँच लाख बजेट ?

**विकास अग्रवाल**
**रौतहट ।**
पुल निर्माणका लागि सरकारले पाँच लाख रुपैयाँ विनोजन गरेको सुन्दा अच्चम लाग्न सक्ला तर, वास्तविकता यही हो ।
सदरमुकाम गौर र ईशनाथ नगरपालिकाबीच पर्ने लालबकैया पुल निर्माणका लागि अर्थ मन्त्रालयले पाँच लाख रुपैयाँ विनियोजन गरेपछि निर्माण व्यवसायी अन्योलमा परेका छन् । सदरमुकाम गौर नगरपालिका–४ टिकुलियास्थित लालबकैया नदीमा पुल निर्माणका लागि गरिएको दोस्रोपटकको सूचनामा करिब २८ करोडको लागतमा ठेक्का सकार गरे पनि मन्त्रालयले हाललाई पाँच लाख रुपैयाँ मात्र विनियोजन गरेपछि निर्माण व्यवसायी र स्थानीय बासिन्दा अन्योलमा परेका हुन् । पप्पु कन्सट्रक्सनले ९ वर्षअघि ठेक्का सकार गरी समयमै सम्पन्न गर्न नसक्दा ठेक्का तोडेर सडक विभागले पुनः ठेक्का लगाउँदा हाललाई पाँचलाख रुपैयाँ विनियोन गरेको छ । नदी वारि गौर र पारि ईशनाथ नगरपालिका जोड्ने उद्देश्यले निर्माण सुरु गरिएको पुल समयमा नबन्दा हजारौँ स्थानीय सास्ती भोगिरहेका छन् ।
सरकार र ठेकेदारको लापरबाहीका कारण समयमा पुल नबन्दा ईशनाथ नगरपालिकाका स्थानीयलाई सदरमुकाम आवतजावत गर्न वर्षायाममा डुंगा चढ्नुको विकल्प छैन ।
तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेको पुल निर्माणको जिम्मा पप्पु कन्स्ट्रक्सनले सकार गरे पनि ठेक्का पाएको ९ वर्षमा पनि काम नसक्दा सम्बन्धित निकायले पप्पु कन्ट्रक्सनको ठेक्का तोडेर नयाँ ठेक्का गरेको तर स्रोत सुनिश्चिता अहिलेसम्म नहुँदा काम सुरु भएको छैन । लालबकैया नदी पारि पर्ने बन्जाराहा, औरैया, मठिया, डुमरिया, जोकहालगायतका स्थानबाट सदरमुकाम गौर आउन जान स्थानीयलाई सहज होस् भनेर पुल निर्माण प्रक्रिया अगाडि बढाइएको हो ।
विसं २०७१ असारमा वीरगंजस्थित पप्पु कन्स्ट्रक्सनले करिब १६ करोड ८६ लाख २७ हजार १ सय ५० रुपैयाँमा सकार गरेको पुल निर्माणको काम समयमा सम्पन्न नगर्दा सर्वसाधारणलाई आवतजावतमा सास्ती भोग्नु परेको छ । पप्पु कन्स्ट्रक्सनले २०७४ असार २५ भित्र काम सक्ने सम्झौता गरे पनि पटकपटक विभिन्न बहाना बनाउँदै काम अलपत्र बनाउँदै म्याद मात्रै थप्ने काम गरिरह्यो । पप्पुले काम नगर्ने भएपछि सडक डिभिजन कार्यालयले २०७९ जेठ ९ गते निर्माण कम्पनीसँग ठेक्का रद्द गरेर नयाँ ठेक्का जारी गरेको हो ।
डिभिजन कार्यालयले नयाँ ठेक्काको सूचना जारी गरेपछि आजाद–दिपु एण्ड कम्पनीले २०८१ चैत १ गतेभित्र पुल निर्माण सम्पन्न गर्ने गरी असोज ९ गते २७ करोड ६६ लाख ८ हजार १ सय ६७ रुपैयाँमा सम्झौता गरेको छ तर हालसम्म रकमको सुनिश्चितता अर्थ मन्त्रालयले नगर्दा पुल निर्माण कार्य सुरु हुन नसकेको सडक डिभिजन कार्यालय चन्द्रपुरका प्रमुख दिपेन्द्र पाण्डेयले बताए । पुल निर्माणका लागि सुरुमा ठेक्का पाएको पप्पु कन्ट्रक्सनले पटकपटक गरी ६ करोड ५० लाख ९३ हजार ८ सय ४९ रुपैयाँ भुक्तान लगेको थियो । समयमा काम सम्पन्न नगरेको भन्दै ठेक्का रद्द भएपछि पप्पु कन्ट्रक्सनले आपूmहरुलाई नियतवश काम गर्न नदिएको भन्दै ठेक्का रद्द गर्ने निर्णय बदर गर्न भन्दै सडक डिभिजन कार्यालयविरुद्ध सर्वोच्चमा कानुनी लडाइँ लडिरहेको छ ।
यता, पप्पुको लापरवाहीले वर्षेनी स्थानीयले ज्यान गुमाउनु परे पनि निर्माण पूरा गर्न कसैले चासो नदेखाएको स्थानीयको गुनासो छ । ७ वटा पिल्लरसहित २ सय २५ मिटर लम्बाइ तथा ७.२ मिटर चौडाइको रहेको पुल निर्माणमा तिनै तहको सरकार उदाशीन रहेको तथा जनतालाई कमजोर ठानेर स्थानीयको जीवनसँग खेलवाड गरेको भन्दै स्थानीय आक्रोशित बनेको रामनरेश यादवले बताए । गौर नगरपालिकाका स्थानीयको खेतजग्गा बकैया पारि ईशनाथ नगरपालिकामा समेत रहेकाले यो बाटो हुँदै किसानको पनि बाक्लो आवतजावत हुने गरेको छ । नदीमा काठको ठूलो डुंगामा सर्वसाधारण र मोटर साइकल तथा साइकल राखेर डुंगा चालकले लामो बाँसको सहयोगले नदी वारपार गराउने गरेका छन् । बकैयामा पानीको बहाव कम भएको बेला मात्र स्थानीयले डुंगामा आवतजावत गर्न सक्छन् तर वर्षायाममा खोलामा पानीको बहाव अत्याधिक बढ्ने गरेको छ । पानीको बहाव बढेपछि नदीमा डुंगा चलाउन नसकिने र यस्तो अवस्थामा आवतजावत पूर्ण रुपमा बन्द हुने गरेको छ । यस्तो बेला स्थानीय २२ किलोमिटर घुमेर सदरमुकाम गौर आउजाउ गर्नुपर्ने हुन्छ । यता, नयाँ ठेक्का पाएका ठेकेदार भने बजेट सुनिश्चिता नभएसम्म काम सुरु नगर्ने अडानमा रहेको आजाद–दिपु एण्ड कम्पनी जेभी रौतहट गरुडाले लिएको निमार्ण व्यवसायी रामसागर राउतले जानकारी दिए । उनले करोडौँमा ठेक्का लगाएर अर्थ मन्त्रालयले जम्मा पाँच लाख रुपैयाँ बजेट विनियोजन गरेकाले यति रकममा निर्माणस्थलनजिकै अफिस मात्र निर्माण पनि गर्न कठिन हुने जानकारी दिए ।
शिलान्यास भएको ९ वर्ष बित्दा पनि पुल निर्माणको काम नगरी निर्माण कम्पनीको बदमासी हेरेर सरकार चुप लागेर बसेकाले पप्पु कन्ट्रक्सनलाई कारबाही गरी नयाँ ठेक्का लगाउनुपर्ने भन्दै स्थानीय युवा संजय सहनीले २०७९ फागुन १ गतेदेखि ५ गतेसम्म आमरण अनशनसमेत बसेका थिए । अनशनरत सहनीको स्वास्थ्य अवस्था बिग्रँदै गएपछि दबाबमा परेका यस क्षेत्रका सांसद तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, रौतहट क्षेत्र नम्बर २ का सांसद एवम् महिला तथा बालबालिका संसदीय समितिका सभापति किरण साह, प्रदेश सभाका सदस्य नागेन्द्र साहलगायतका नेताले डेढ वर्षभित्र पुल निर्माण सम्पन्न हुने लिखित सम्झौता गर्दै अनशन तोडाएका थिए ।

# मुख्यमन्त्रीकै पार्टीका सांसदबाट सरकारको आलोचना



जुन व्यवस्थाका नाममा संघीयता र गणतन्त्रमाथि प्रहार भइरहेको छ, त्यही व्यवस्थाले नै जनतालाई दासत्व बनाउने कार्य गरेको जनताले भुल्नु हुँदैन ।
–जितेन्द्र सोनल, लोसपा



सरका प्रधानमन्त्रीकहाँ गएर प्रहरी समायोजन गरिदेऊ, नभए हामी धर्ना दिन्छौँ भनिरहेको छ, हामी चैँ प्रदेश सरकारकहाँ गएर धर्ना दिने बेला भएको छ कि, प्रदेश सभालाई बिजनेस देऊ ।
–मनिष सुमन, जसपा

**मधेशदृष्टि**
**जनकपुरधाम**
मधेश प्रदेश सभा बैठकमा सरकार विकास र जनताका पक्षमा गम्भीर नरहेको भन्दै सत्ताधारी दलहरुकै सांसदबाटै आलोचना भएको छ । सत्ता गठबन्धन मात्रै होइन, मुख्यमन्त्रीकै पार्टी जनता समाजवादी पार्टीका प्रदेश सभा सदस्यहरु सरकारसँग असन्तुष्ट देखिएका छन् । जसपा प्रदेश सभा सदस्य मनिष सुमनले सरकार विषयतगत समितिको बैठक नबसोस् र प्रदेश सभा नै सञ्चालन नहोस् भन्ने पक्षमा रहने गरेको आरोप लगाए ।
उनले आफू पनि विगतमा प्रदेश सभामा एउटा समिति सभापतिको जिम्मेवारी निर्वाह गरेको बताउँदै सरकारले नै विषयगत समितिलाई असहयोग गरिरहेको बताए । उनले भने, ‘सरकार र सम्बन्धित मन्त्रीहरु नै चाहदैँनन् कि विषयगत समिति बैठक होस्, प्रदेश सभामा विधेयक नै छैन, अनि प्रदेश सभा चलाउनु परेकै छ, एउटा विधेयक मेलमा आएको छ कृषिसम्बन्धी ।’ सुमनले सरकार प्रदेश सभाप्रति गम्भीर नभएर भाग्ने प्रयास गरिरहेको आरोप लगाए । उनले प्रदेश सभालाई सरकारले बिजनेस दिनुपर्ने तर बिजनेसविहीन बनाएर सरकार भाग्ने प्रयास गरिरहेको आरोप लगाए ।
उनले भने, ‘प्रधानमन्त्रीकहाँ गएर प्रहरी समायोजन गरिदेऊ, नभए हामी धर्ना दिन्छौँ मात्रै भन्ने होइन कि प्रदेश सभाका सबै सदस्यका अगाडि एउटा चुनौती आएको छ, प्रदेश सभा बिजनेसविहीन छ, अब हामी प्रदेश सरकारकहाँ धर्ना दिने समय आएको छ कि हामीलाई बिजनेस देऊ ।’ उनले आफूहरु सुविधा लिने तर जनताका पक्षमा केही काम गरेको जस्तो अनुभूतिसमेत नभएको बताए । उनले भने, ‘सुविधा त लिन्छौँ तर खै हामीलाई लागिरहेको छ कि जनताका पक्षमा हामीले के काम गरेका छौँ देखिने गरी ?’
त्यसैगरी, लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्र सोनलले सरकार प्रदेश सभाप्रति गम्भीर नरहेको आरोप लगाए । उनले प्रदेशको आर्थिक–सामाजिक समस्याका विषयमा छलफल हुँदासमेत मन्त्रीहरु प्रदेश सभामा गम्भीरताका साथ उपस्थित नहुनु गम्भीर विषय रहेको बताए । उनले भने, ‘मन्त्रीहरु हेर्ने हो, छ प्रदेशमा कति छन् कति तर प्रदेश सभामा प्रदेशका समस्याका विषयमा छलफल हुँदा एक दुई जना मात्रै उपस्थित हुन्छन् । वास्तवमा यसलाई सरकार प्रदेश सभाप्रति संवेदनशील छैन जस्तो देखिन्छ ।’ सोनलले मधेशका जनतालाई अधिकार र पहिचानबाट वञ्चित गराउनेहरु नै सडकमा आएर संघीयता र गणतन्त्रविरुद्ध आन्दोलन गरिरहेको बताउँदै यसबाट मधेशको जनता सचेत हुनुपर्ने आवश्यकता रहेको बताए । उनले केही अन्तर्राष्ट्रिय ठगहरुले जनतालाई भ्रममा पार्दै गोलबन्द बनाउने प्रयास गरिरहेको बताए । सोनलले संघीयताविरुद्ध चारै तिरबाट प्रहार भइरहेको अवस्थामा संघीयता जोगाउने दल, प्रदेश सभा र सरकारको काँधबाट बढी जिम्मेवारी आएको बताउँदै तर कतै न कतै सरकार जिम्मेवारीबाट विमुख भइरहेको आरोप लगाए । सोनलले संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प संघीय लोकतान्त्रिक गणतन्त्र नै भएको बताए । उनले जुन व्यवस्थाका नाममा अहिले संघीयता र गणतन्त्रमाथि प्रहार भइरहेको छ, त्यही व्यवस्थाले नै जनतालाई दासत्व बनाउने कार्य गरेको जिकिर गर्दै जनता यसप्रति गम्भीर बन्नुपर्ने बताए ।

# भागवण्डामा विभिन्न समिति





मधेश प्रदेश सभाका सात विषयगत समितिमध्ये बाँकी दुई वटा विषयगत समितिको सभापति निर्विरोध निर्वाचित भएका छन । बाँकी रहेको कृषि तथा भूमि व्यवस्थापन समिति सभापतिमा नेपाली कांग्रेसका संजयकुमार महतो र प्रदेश सभा मामिला समितिको सभापतिमा नेकपा एकीकृत समाजवादीका रत्नेश्वरलाल गोइत निर्वाचित भएका छन् । बुधबार दुई वटा विषयगत समिति सभापति पदका लागि उम्मेदवारी दर्ता गराउने कार्यतालिका थियो ।
दुवै समिति सभापतिमा एक–एक जनाले मात्र उम्मेदवारी दर्ता गराएपछि दुवै पदमा निर्विरोध भएका हुन् ।

| | | |
|---|---|---|
| १. सार्वजनिक लेखा समिति | मञ्जुकुमारी थापा मगर | नेकपा एमाले |
| २. अर्थ तथा योजना समिति | सतिशकुमार सिंह, | जनमत पार्टी |
| ३. प्राकृतिक स्रोत तथा वातावरण समिति | शारदा दास पहाडी, | नेकपा माओवादी केन्द्र |
| ४. महिला बालबालिका तथा सामाजिक न्याय समिति | रुपाकुमारी यादव, | लोसपा |
| ५. विकास समिति | शारदा शंकर प्रसाद कलवार | जनता समाजवादी पार्टी |
| ६. कृषि तथा भूमि व्यवस्थापन समिति | संजयकुमार महतो | नेपाली कांग्रेस |
| ७. प्रदेश सभा मामिला समिति | रत्नेश्वरलाल गोइत | नेकपा एकीकृत समाजवादी |

निर्वाचित दुवै विषयगत समितिका सभापतिलाई सभामुख रामचन्द्र मण्डलले पद तथा गोपनीयताको शपथ गराएका छन् । निर्वाचित सभापतिलाई शुभकामना दिँदै सभामुख मण्डलले विषयगत समिति मिनी संसद रहेका कारण जनताको कुरा समितिमा समेत राखिने गरिएका कारण संसद गतिशील बनाउन विषयगत समितिसमेत महत्वपूर्ण भूमिका रहेका कारण भूमिका पालन गर्न आग्रह गरे ।
दलीय सहमतिअनुसार विषयगत सातवटा विषयगत समितिमा सात वटा दलले सभापति बनाउने सहमति भएको थियो । बाँकी दुई समिति सभापति चयन गरिएको हो । यसअघि नै सार्वजनिक लेखा समितिमा नेकपा एमालेका मञ्जुकुमारी थापा मगर, अर्थ तथा योजना समितिमा जनमत पार्टीका सतिशकुमार सिंह, प्राकृतिक स्रोत तथा वातावरण समितिमा नेकपा माओवादी केन्द्रका शारदा दास पहाडी, महिला बालबालिका तथा सामाजिक न्याय समितिमा लोसपाकी रुपाकुमारी यादव, विकास समितिमा जनता समाजवादी पार्टीका शारदा शंकर प्रसाद कलवार सभापतिमा चयन भइसकेका छन् ।
त्यसैगरी, प्रदेश सभा बैठकमा दलगत हिसाबले निर्वाचित सभापतिलाई शुभकामना दिएका छन् । शुभकामना दिनेमा नेकपा एमालेका हरिनारायण महतो, नेपाली कांग्रेसका कुंवरकान्त झा, जसपा नेपालका मनिष सुमन, माओवादी केन्द्रका शारदा दास पहाडी, लोसपा नेपालका जितेन्द्र सोनल, राप्रपा नेपालका कञ्चन विच्छाले शुभकमना दिए ।

# समाजवादको अभिभारा पूरा गर्छौँः नेपाल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले परिवर्तनको युगामा पनि पनि चाकरीका भरमा पार्टी चलाउने सपना देख्नु मूर्खता मात्र भएको बताएका छन् । जनकनन्दिनी गाउँपालिकाको खजुरीमा आयोजित कार्यकर्ता भेलामा नेपालले जनताको हितका लागि समाजवाद आवश्यक रहेको र यसको अभिभारा नेकपा



एसले पूरा गर्ने बताए ।
उनले भने, ‘आफ्नो गाउँ आफैँ बनाउँ अभियान सुरू गर्ने मै हुँ, अब देश बनाउन समाजवाद जरुरी भएकाले यसमा पनि सहभागी हुन अनुरोध गर्दछु ।’ उनले समाजवादको विचार हरेक जनतामा पु¥याउन पार्टी सक्रिय रहेको बताए । सबै वर्गका जनताका समस्या समाधानका लागि नेकपा एसले काम गर्ने बताउँदै पार्टी बनाउन बस्तीबस्ती सक्रिय भएको जानकारी दिए ।
कार्यक्रममा विभिन्न पार्टीबाट ५ सय भन्दा नेता कार्यकर्ता समाजवादी पार्टीमा प्रवेश गरेका थिए ।

# हरिपूर्वा नगरपालिकाः मन्त्रीको असहयोग, मेयर–उपमेयरबीच द्वन्द्व



मधेशदृष्टि
सर्लाही ।

हरिपूर्वा नगरपालिकाको नगरसभा नहुँदा सेवाप्रवाह प्रभावित भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा असार १० गतेभित्र गाउँ तथा नगरसभामा बजेट पेस गरी असार मसान्तसम्ममा पारित गरिसक्नुपर्ने बाध्यकारी व्यवस्था छ । तर राजनीतिक किचलोका कारण हरिपूर्वा नगरपालिकामा भने नयाँ आर्थिक वर्ष सुरु भएको पाँच महिना लागिसक्दा समेत नगरसभा हुनसकेको छैन । नगर सभाबाट बजेट पारित नहुँदा नगरपालिकामा आर्थिक गतिविधि ठप्प छ । बजेट सञ्चालन नभएपछि विकास निर्माणका कुनै पनि काम अघि बढ्न सकेको छैन ।

ज्येष्ठ नागरिक, अपाङ्ग, एकल महिलालगायत लक्षित वर्गको सामाजिक सुरक्षा भत्ता गएको साउनदेखि नै रोकिएको छ । तलब नपाएर शिक्षक विद्यालय बन्द गरेर नगरपालिका कार्यालयमै धर्नामा बसेका छन् भने कर्मचारीको अवस्था पनि उस्तै छ । हरिपूर्वा नगरपालिका–५ का स्थानीय रामबाबु साह सोनारले राजनीतिक किचलोका कारण नगरवासी मारमा परेको गुनासो गरे । 'अन्य पालिकामा धमाधम विकासका काम भएका छन् तर हाम्रो पालिकामा नेताको लडाइँ छ,' साहले भने, 'नेता–नेताको हानथापले हामी नागरिक मारमा परेका छौं ।'

राजनीतिक टकरावका कारण नगरपालिकामा विकासका काम ठप्प हुँदा स्थानीय निराश बनेका छन् । नगरपालिका कार्यालय अगाडि फलफूल बेच्न बसेका हरिपूर्वा नगरपालिका–६ का वृद्ध राम चरित्र साहले नागरिकको समस्याप्रति जनप्रतिनिधिले ध्यान नदिएको दुखेसो गरे । तत्काल सङ्घीय सरकारले नगरपालिकामा अर्को व्यवस्था गर्नु पर्ने उनको माग छ । जनप्रतिनिधिबीचको विवादले नगरपालिका नै डामाडोल बनेको साहको भनाइ छ । 'यहाँ सधैं यस्तै हो, जहिल्यै विवाद चलिरहन्छ,' साहले भने, 'जनताको समस्या समाधान र विकास निर्माणका काम गर्न विनीहरूलाई चासो छैन, भागबण्डाका लागि आफूआफू लडाइँ गरिरहेका छन् ।'

नगर उपप्रमुख सुमिला देवी ग्वारनीले नगर सभा हुन नसकेको र प्रमुख प्रशासकीय अधिकृत नभएकोबारे नगरप्रमुख नै जिम्मेवार रहने बताइन् । 'नगर सभा गर्ने–नगर्ने, को 'हाकिम' ल्याउने–नल्याउने भन्ने प्रमुखलाई न थाहा होला,' उनले भनिन् । नगरप्रमुखबाट नगरसभाबारे चिठ्ठी काट्ने तथा छलफल गर्ने केही काम नभएको बताइन् । उपप्रमुखका अनुसार गएको साउनदेखि कार्यपालिकाको बैठक बस्न सकेको छैन ।

उनले कार्यालयमा भएकै कर्मचारीलाई निमित्तको जिम्मेवारी दिएर भए पनि तलब, भत्ता खुवाउने बाटो खुलाउनुपर्ने बताइन् । 'नयाँ प्रमुख प्रशासकीय अधिकृत नआउन्जेल यहाँका सिनियर कर्मचारीलाई निमित्तको जिम्मेवारी दिएर भए पनि तलब, भत्ता खुवाउने बाटो गर्नुपर्छ,' उपप्रमुख ग्वारनीले भनिन् ।

उपप्रमुख ग्वारनीसहित नगरप्रमुखसँग असन्तुष्ट पक्षका कार्यपालिका सदस्य नगरपालिकामा कार्यरत आठौं तहका प्रशासकीय अधिकृत सकलदेव रायलाई निमित्तको जिम्मेवारी दिएर भए पनि प्रमुख प्रशासकीय अधिकृतको गाँठो फुकाउनुपर्ने पक्षमा छन् । तर नगरप्रमुख विनोद कुमार साह तेली भने निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाउने पक्षमा छन् ।

हरिपूर्वा नगरपालिकामा केही महिना टिकेर काम गरेका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने गएको वर्ष चैत १५ गते सरुवा भएर गएदेखि यहाँ काम गर्ने हिसाबले नयाँ प्रमुख प्रशासकीय अधिकृत आएका छैनन् । असार अन्तिमतिर उपसचिव निमेष मिश्र हाजिर भए पनि सामाजिक सुरक्षा भत्ता र कर्मचारीलाई तलब वितरणको बाटो खुलाएर उनी केही दिनमै सरुवा गराएर गए ।

त्यसपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले केही प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा गराएर पठाए पनि कसैको बाटोबाटै त कसैको केही घण्टामै सरुवा भएको छ । नगरप्रमुख साह तेली सर्लाही क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य तथा खानेपानी मन्त्री महिन्द्र राय यादवले आफू अनुकूलको प्रमुख प्रशासकीय अधिकृत पठाउन नपाउँदा मन्त्रालयले पठाएको अन्य प्रमुख प्रशासकीय अधिकृतलाई बारम्बार बीचबाटै सरुवा गराइदिने गरेको गुनासो गर्छन् ।

आफूले गएको साउनदेखि पटकपटक मन्त्रालय पुगेर लिखित तथा मौखिक निवेदन दिएर प्रमुख प्रशासकीय अधिकृत ल्याए पनि मन्त्री यादवले कसैलाई यहाँसम्म आउने नदिएको नगरप्रमुख साहको आरोप छ । 'म मन्त्रालयमा कुरा मिलाएर आउँछु तर मन्त्रीज्यूले मान्नुभएन भन्दै प्रमुख प्रशासकीय अधिकृतको तुरुन्त सरुवा रोकिन्छ,' नगरप्रमुख साहले भने, 'मैले त देशभरका जो सुकै उपसचिव पठाइदिनुस् भनिरहेको छु तर कसैलाई पनि आउन दिइँदैन, नगरपालिकालाई बन्धक बनाउने काम भएको छ ।'

प्रमुख प्रशासकीय अधिकृत भइदिए नगरपालिकाभित्रको सम्पूर्ण समस्या समाधान हुने नगरप्रमुख साहको दाबी छ । 'प्रमुख प्रशासकीय अधिकृत आइदिएर नगर सभा गराइदिए सबै समस्याको समाधान हुन्थ्यो,' नगरप्रमुख साहले भने । उनले नगर सभा नहुँदा वडा कार्यालय र नगरपालिकामा कागजसमेत नभएर कार्यालय नै बन्द गर्नुपर्ने अवस्था आएको गुनासो गरे । नगरप्रमुख साहले ठिकठाकसँग चलिरहेको नगरपालिकालाई यस क्षेत्रका सांसद महिन्द्रराय यादव मन्त्री बन्नासाथ चलखेल सुरु गरी बरबाद बनाइदिएको आरोप लगाए । प्रमुख र उपप्रमुख दुवै नेपाली कांग्रेसबाट निर्वाचित भएको हरिपूर्वा नगरपालिकामा १९ सदस्यीय कार्यपालिका छ ।


## जगरनाथपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
मधेश प्रदेश

**स्वयम् सेवक शिक्षक र वालविकास शिक्षिकाका लागि दरखास्त आहवान सम्बन्धी सूचना**
(प्रकाशित मितिः-२०८०/०८/१५)

प्रस्तुत विषयमा यस जगरनाथपुर गा.पा.अन्तर्गत संचालित रहेका समुदायीक विद्यालयहरूमा तपसिल बमोजिमका गाउँपालिका अनुदान करार स्वयम् सेवक शिक्षक र वालविकास शिक्षिका नियुक्ति गर्नुपर्ने भएकोले जगरनाथपुर गाउँपालिकाको ब्यवस्थापन कार्यविधि २०८० को परिच्छेद-२को दफा ९ बमोजिम यो सूचना प्रकाशन भएको मितिले१५ दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | स्वंयसेवक शिक्षक | प्रा.वि. | ५ | I.ED वा सो सरह उत्तिर्ण गरेको | |
| २ | ०२/२०८०/०८१ | स्वंयसेवक शिक्षक | नि.मा.वि. | ६ | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परिक्षा उतीर्ण गरेको | ३नेपाली २गणित १अग्रेजी |
| ३ | ०३/२०८०/०८१ | स्वंयसेवक शिक्षक | मा.वि. | ४ | सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परिक्षा उतीर्ण गरेको | २नेपाली १विज्ञान १गणित |
| ४ | ०४/२०८०/०८१ | वालविकास सहजकर्ता | | २ | SLC/SEE वा सो सरह उत्तिर्ण गरेको | |

१.नेपाली नगरिकताको प्रतिलिपी।
२.सम्बन्धित पद,तहको लागीS.L.C./SEEदेखि माथिल्लो तह सम्मको प्रमाणपत्रहरूको प्रतिलिपीहरू१-१ थान।
३.स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी।
४.१८ वर्ष उमेर पुराभई मितिः-२०८०/०८/२९ गते सम्म ४० वर्ष ननाघेको ।
५.निवेदन दस्तुर रू.

| क्र.सं. | वालविकास | प्रा.वि. | नि.मा.वि. | मा.वि. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५०० | ७०० | ९०० | ११०० | |

६.दरखास्त बुझाउने मितिः-२०८०/०८/१५ गते देखि मितिः-२०८०/०८/२९ गते सम्म ।
७.सम्पर्क मितिः-२०८०/०८/२९ गते कार्यालय समय भित्र।
८.परिक्षा मितिः-सम्पर्क मितिमा तोकिनेछ ।
९.परिक्षाको किसिमः-लिखित,मौखिक आवश्यक परेमा कक्षा अवलोकन ।
१०.नियुक्ति किसिमः-स्वयम् सेवक शिक्षक
११.तलब तथा अन्य सुविधाः-जगरनाथपुर गा.पा.को स्वयम् सेवक शिक्षक ब्यवस्थापन कार्यविधि,२०८०मा व्यवस्था भएबमोजिम हुने छ।
१२.अनुभवि र माथिल्लो योग्यता पुगेका उम्मेदवारहरूलाई विशेष ग्राहयता दिईने छ ।

**दरखास्त दिने स्थानः- जगरनाथपुर गा.पा.पर्सा (समयः१० बजे देखि )**
**(सम्पर्क मोबाईल नम्बरः-(९८५५०३८३०४, ९८४५२५७६१६)**


# घट्यो इन्धनको मूल्य



मधेशदृष्टि
वीरगंज ।

नेपाल आयल निगमले बिहीबार रातिदेखि लागु हुने गरी इन्धनको मूल्य घटाएको छ । पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रति लिटर ४ रुपैयाँ मूल्य घटे पनि एलपी ग्यासको मूल्य यथावत छ ।नयाँ मूल्यअनुसार चार आली, विराटनगर, जनकपुर, अमलेखगंज, भलबारी, नेपालगंज, धनगढी र वीरगंज डिपोको १५ किलोमिटर क्षेत्रमा पेट्रोलको १ सय ६७ रुपैयाँ ५० पैसा पर्नेछ । सुर्खेत र दाङ क्षेत्रमा १ सय ६९ रुपैयाँ तथा काठमाडौं, पोखरा र दिपालय डिपोको १५ किलोमिटर क्षेत्रमा एक लिटर पेट्रोलका लागि १ सय ७० रुपैयाँ पर्ने छ । डिजेल र मट्टितेल भने क्रमशः १ सय ५७ रुपैयाँ ५० पैसा, १ सय ५९ रुपैयाँ र १ सय ६० रुपैयाँ पर्नेछ । एलपी ग्यासको मूल्य देशभर प्रतिसिलिन्डर १ हजार ८ सय ९५ रुपैयाँ कायम छ ।

# जलवायु परिवर्तनका असर घटाउन नेपालको प्रयासबारे जानकारी गराइने

रासस
काठमाडौं ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलवायु परिवर्तनका असर कम गर्न नेपालले गरेका प्रयासबारे विश्व समुदायलाई जानकारी गराउने बताएका छन् । कोप–२८ मा भाग लिने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित नेपाली राजदूतावास पुगेका प्रधानमन्त्रीले त्यहाँ एकत्रित भएका नेपालीलाई सम्बोधन गर्दै जलवायु परिवर्तनका कारण नेपालजस्ता देशले भोगिपरेका असरका बारेमा विश्वसमुदायको ध्यानाकर्षण गराउने बताएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

प्रधानमन्त्रीले सम्मेलनमा याचकका रुपमा नभई अधिकार प्राप्तिका निम्ति नेपालका मुद्दा प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गरे । प्रधानमन्त्रीले कोप–२८ मा जलवायु परिवर्तनबाट नेपाललाई परेको असर र त्यसको क्षतिपूर्ति माग गरिने तथा वित्तीय र प्राविधिक सहयोगको अधिकारबारे कुरा उठाउने बताए । उनले आगामी निर्वाचनमा विश्वमा छरिएर रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्था भएको जानकारी दिए । विदेशमा बसेका नेपालीले निर्वाचनमा भाग लिन नपाउँदा लोकतन्त्र बलियो नहुने भन्दै प्रधानमन्त्रीले विदेशमा रहेका नेपालीको मताधिकारका लागि सरकार गम्भीर भएको बताए । युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले युएई र नेपालबीच व्यापार, पर्यटन र प्रविधिमा सहकार्य अभिवृद्धिका निम्ति आफू क्रियाशील रहेको बताउँदै नेपालको आर्थिक विकासमा युएईको सहयोग जुटाउन दूतावासले गरेका कामकारबाहीबारे जानकारी दिएका थिए ।

# राष्ट्रियसभाका अध्यक्ष र अष्ट्रेलियाली समकक्षीबीच भेटवार्ता

रासस
काठमाडौं ।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आफ्ना अष्ट्रेलियाली समकक्षी सी लिन्सर्सँग भेटवार्ता गरेका छन् ।

अष्ट्रेलियाको संसद्मा बिहीबार भएको भेटमा नेपाल–अष्ट्रेलिया विद्यमान संरचनाका साथै द्विपक्षीय भ्रमण आदानप्रदानबारे छलफल भएको क्यानबेरास्थित नेपाली राजदूतावासले जनाएको छ । दुवै देशका सभाध्यक्षले संसदीय अभ्यास र सङ्घीय संसद्का गतिविधिबारे पनि छलफल गरेका थिए । त्यस अवसरमा अष्ट्रेलियाका लागि नेपाली राजदूत कैलाशराज पोखरेलको पनि उपस्थिति थियो ।

अध्यक्ष तिमिल्सिना यही मङ्सिर ११ गते उच्चस्तरीय संसदीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अष्ट्रेलिया प्रस्थान गरेको हुन् । उहाँ नेतृत्वको प्रतिनिधिमण्डलले त्यहाँको संसदीय परिषद्का अध्यक्ष बेन फ्रेङ्क्लिन, न्यू साउथवेल्सका विधानसभा सभामुख ग्रेग पाइपरसँग बेग्लाबेग्लै भेटवार्ता गरेको थियो । अध्यक्ष तिमिल्सिना नेतृत्वको प्रतिनिधिमण्डलले भिक्टोरियाको संसदको भ्रमण गर्ने कार्यक्रम छ ।

प्रतिनिधिमण्डलमा तीन वटा प्रदेशका सभामुख र चार वटा प्रदेशका उपसभामुख, राष्ट्रिय मुस्लिम आयोगका अध्यक्ष, राष्ट्रिय समावेशी आयोगका सदस्य, सङ्घीय संसद् सचिवालयका कर्मचारीहरु छन् ।

# बैठकमा महिलाको सङ्ख्याबारे कुरा उठाउँछौँः राणा

काठमाडौं ।

नेपाली कांग्रेसकी नेत्री डा आरजु राणा देउवाले कांग्रेसको पार्टी पदाधिकारीमा महिला सहभागिता कम भएको विषयमा पार्टीको आगामी महासमिति बैठकमा कुरा उठाउने बताएका छन् । ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुड्क) र अक्सफाम नेपालले बिहीबार आयोजना गरेको 'राजनीतिमा महिला नेतृत्वको अर्थपूर्ण सहभागिता' विषयक गोष्ठीमा नेत्री राणाले कांग्रेस पदाधिकारीमा महिलाको सङ्ख्या न्यून रहेकाले यस विषयमा आगामी महासमिति बैठकमा कुरा उठाइने बताएकी हुन् ।

'पार्टीको पदाधिकारीदेखि विभिन्न विभागमा कम्तीमा पनि ३३ प्रतिशत महिला सहभागिता हुनुपर्छ भन्ने हाम्रो विगतदेखिकै माग हो र यसबारे हामीले समय–समयमा आवाज पनि उठाउँदै आएका छौं,' उनले भनिन् । नेपाली कांग्रेसकी सांसद डा राणाले महिलाका लागि विशेष निर्वाचन क्षेत्रको व्यवस्था हुनुपर्ने भन्दै यसका लागि सबै राजनीतिक दलसँग सहकार्य गरेर अघि बढ्ने पनि बताइन् ।

राजनीतिक क्षेत्रमा रहेका महिलाबीच पनि एकापसमा सहकार्य र समन्वय हुनु जरुरी रहेको भन्दै उनले एक महिलाले अर्को महिलालाई सहयोग नगरेका कारण कतिपय महिला पछाडि परेको आफ्नो अनुभव रहेको सुनाइन् । उनले महिलाले आफ्ना अधिकारका विषयमा कुरा उठाउन छाड्नुहुँदैन भन्दै अधिकारका लागि निरन्तर आवाज उठाएमात्रै परिवर्तन आउने उल्लेख गरिन् । नेत्री डा राणाले मुलुक सङ्घीय शासन प्रणालीमा गएपछि देशमा ठूलो परिवर्तन आएको पनि बताइन् । सङ्घीय लोकतान्त्रिक प्रणालीमा नै महिलाका हक र अधिकारको सुनुवाइ हुने भन्दै यसको संरक्षणमा महिला नै लाग्नुपर्नेमा उनको जोड थियो । उनले अर्को एक प्रसङ्गमा महिलालाई आपत् पर्दा जाने ठाउँ निकै थोरै भएको पनि बताइन् । उनले भनिन्, 'महिला आयोगमा सबै महिलाको पहुँच पुग्दैन र जान पनि सक्दैनन् तर उनीहरु आपत् पर्दा कहाँ जाने ? यस विषयमा हामी सबै पार्टीका महिला नेत्रीहरूले पनि समन्वय र सहयोग गर्नुपर्छ ।' रुडुक नेपालकी अध्यक्ष सजनी अमात्यले राजनीतिमा महिलालाई अगाडि बढाउनका लागि रुडुकले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गरिन् । उनले महिला क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेमात्र राजनीतिमा महिला सहभागिता बढ्ने बताइन् ।

# सांसदले योजना माग्दै हिँड्ने परिपाटी अन्त्य गर्नुपर्छः रावल

- सांसदको नाममा बजेट दिने काम ठीक होइन, यो रोक्नुपर्छ
- सरकारले सदनलाई विजनेस नदिएकै कारण कानुन निर्माणमा ढिलाइ
- स्थायी नीति बनाउन जरुरी छ
- रेर्कडबाट हटाउनुपर्ने गरी किन बोल्ने ?



**काठमाडौँ ।**
राष्ट्रियसभाका सांसद दिलकुमारी रावल थापा 'पार्वती'लाई सांसदले योजनाका फाइल बोकेर मन्त्रालयपिच्छे बजेट माग्न धाउने परिपाटीको अन्त्य गर्नुपर्छ भन्ने लागेको छ । मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएर तीन तहको सरकार बनिसकेको अवस्थामा फेरि सङ्घीय सांसदले विकासका लागि योजनाका फाइल बोकेर बजेट माग्दै हिँड्नु ठीक होइन भन्ने उनको ठम्याइ छ । 'तीन तहको सरकार छ, विकासका



लागि केन्द्रले योजना बनाउने हो, तर अहिले पनि प्रतिनिधिसभाकै सांसद विकासकै लागि पैसा खोज्न मन्त्रालय धाउने काम रोकिएको छैन', उनले भनिन्, 'योजनाको फाइल बोकेर योजना माग्दै सांसद हिँड्ने परिपाटीको अन्त्य गर्नुपर्छ, सांसदको नाममा बजेट दिने काम ठीक होइन, यो रोक्नुपर्छ', सांसद रावललाई सांसद विकास कोषको पनि जरुरी छैन भन्ने लाग्छ । 'सङ्घ, प्रदेश र स्थानीय तहमा बजेट बनाउँदा सहभागी हुन सकिन्छ', उनले थपिन् । नेकपा (एमाले) निकट विद्यार्थी सङ्गठन हुँदै २०५२ सालदेखि राजनीतिको यात्रा तय गरेकी नेतृ रावलले जनताको प्रतिनिधि भएर २०७४ फागुन २० गते राष्ट्रियसभा सदस्यका रुपमा सपथ लिएकी थिइन् । आगामी फागुन २० गते छ वर्ष पुग्दैछ । नेत्री रावललाई विद्यार्थी आन्दोलन र समाज परिर्वतनको आन्दोलनमा लाग्दा यति महत्वपूर्ण स्थानमा पुगेर काम गर्ने अवसर मिल्ला भन्ने लागेको थिएन । तर उनलाई एमालेमा आबद्ध भएर जनप्रतिनिधिको संस्था संसद्मा आएर छ वर्ष काम गर्ने अवसर मिल्यो । उनलाई राष्ट्रियसभामा काम गर्ने अवसर पाउनुभन्दा अघि पहिलो संविधानसभा २०६४, दोस्रो संविधानसभा २०७१ र उपनिर्वाचन २०७१ प्रत्यक्ष निर्वाचन लड्ने अवसर समेत पार्टीले दिएको थियो । नेत्री रावलले झण्डै साढे पाँच वर्ष राष्ट्रिय सरोकार तथा समन्वय समितिको सभापति भएर काम सक्रियरुपमा काम गरेकी छन् । समितिको सभापति भएर काम गर्दा सधैँ जनता र राष्ट्रको हितमा कानुन कसरी निमार्ण गर्न सकिन्छ भन्ने कुरामा उनको ध्यान केन्द्रित भयो ।

'कानुन निर्माणको क्षेत्रमा कसरी मुलुकको हितमा बनाउन सकिन्छ भनेर सम्पूर्ण ध्यान त्यही केन्द्रित भयो, संसद्को निगरानीलाई प्रभावकारी बनाउनका लागि काम गरियो', उनले जोड्न्, 'पहिलो पटक संसद् भएर सभापतिको जिम्मेवारी पूरा गर्न कुशलतापूर्वक गर्न सक्छु कि सक्दिन भन्ने थियो तर मैले पूर्णरुपमा प्रयत्न गरे ।' राष्ट्रियसभामा उनलाई छ वर्ष काम गर्ने अवसर मिल्यो । विसं २०३७ मङ्सिर २५ गते भरतपुर महानगपालिका–१६ ब्रह्मपुरमा जन्मनुभएकी नेत्री रावलले २०५५ सालमा एमालेको वडा कमिटी हुँदै गाउँ कमिटी सदस्य भएर काम गरिन् ।

त्यस्तै, २०५५ सालदेखि २०५८ सम्म अखिल नेपाल महिला सङ्घ जिल्ला चितवन जिल्ला कमिटी सदस्य, तत्कालीन प्ररायु सङ्घको जिल्ला सचिव हँुदै अध्यक्ष, महिला जिल्ला समन्वय समितिको उपाध्यक्ष भएर काम गरिन् । पार्टीको जिल्ला सदस्य, उपसचिव हँुदै सचिवको जिम्मेवारी जिल्लामा रहेर निर्वाह गरिन् । संविधान जारी भएको यतिका वर्ष बितिसक्दा पनि संविधानअनुकुलका कानुन नै बनाउन सकेको छैनन् । सांसद रावललाई सरकारले सदनलाई विजनेस नदिएकै कारण कानुन निर्माणमा ढिलाइ भएको भन्ने लाग्छ । 'संविधानअनुकूलका कानुन बनाउन ढिलाइ हुनुमा दोषी सरकार हो, त्यसको दोषी संसद् र सांसद होइन', नेत्री रावलले थपिन्, 'विधेयक अधिवेशनमा जम्मा एउटा मिटरब्याजीसम्बन्धी कानुन बन्यो, राष्ट्रियसभामा मर्यादासम्बन्धी नीति विधेयक ल्यायौँ, राष्ट्रियसभाले सर्वसम्मत पारित गरेको विधेयक प्रतिनिधिसभामा रोकिएर शून्यतामा गयो, राज्यको त्यत्रो लगानी खेर गयो, जुन गम्भीर विषय हो ।' सदनलाई विजनेस नभएपछि शून्य समय र विशेष समयमै एकले अर्कालाई आरोप प्रत्योरोप गर्दै बिल्ने गरेको उनले बताइन् । नेत्री रावललाई राष्ट्रको महत्वपूर्ण नीतिहरु एकरुपता बनाउन जरुरी छ भन्ने लाग्छ । 'सरकार परिर्वतन हुने बित्तिकै परराष्ट्र नीति, आर्थिक नीति वा स्वास्थ्य नीति पनि परिर्वतन हुने गरेका छन्, जुन असाध्यै दुःखद् कुरा हो', नेत्री रावलले भनिन्, 'स्थायी खालको नीति बनाउन जरुरी छ, जुन सरकार आए पनि नीति र पूर्वाधार विकासमा एकरुपता र ध्यान दिन जरुरी छ, राष्ट्रिय महत्वको विषयमा एकताबद्ध हुँदा प्रणाली पनि बलियो हुन्छ ।' अरुले झट्ट हेर्दा सांसदले काम गरेनन् भन्नेजस्तो देखिए पनि सांसदले मात्र केही गर्न नसक्ने नेत्री रावलको बुझाइ छ । बोली र व्यवहारमा एकरुपता ल्याएर काम गरेमा सांसदले बेकारको गाली खान नपर्ने उनको बुझाइ छ । जनताका प्रतिनिधिले संसदीय मूल्य र मान्यताको ख्याल गर्नुपर्ने हुन्छ ।

'जनप्रतिनिधिले बोल्दा प्रत्यक्ष प्रसारण हुन्छ, संसारभर जान्छ, बोली र गोली चाँहि फर्काउन सकिँदैन', नेत्री रावलले भनिन्, 'रेर्कडबाट हटाउनुपर्ने गरी किन बोल्ने ? त्यो राम्रो होइन, त्यसरी बोल्नुहुँदैन, शिष्ट र मर्यादित भएर पनि आफ्ना कुरा राख्न सकिन्छ, जनप्रतिनिधिले मर्यादालाई ध्यान दिनुपर्छ, नत्र जनताले के सिक्ने ?' एउटा विधायक भएर जति काम सकियो त्यसमा उनलाई खुसी लागेको छ । कानुन बनाउने, अझ राम्रो बनाउनका लागि संशोधन हाल्नेदेखि लिएर समितिको सभापति भएर निकै मेहनतपूर्वक काम गरेको उनमा अनुभव छ । 'संसद्मा सक्तापक्ष र प्रतिपक्ष भए पनि समितिमा सबै सर्वसम्मत तरिकाले सौहार्दपूर्ण वातावरणमा काम गर्ने अवसर पाउँदा मलाई खुसी छ', उनले हर्षित मुद्रामा भनिन्, 'साझा उद्देश्य थियो, कुनै पनि दलको असहयोग भएन, हरेक निर्णय सर्वसम्मत भयो, सधैँ हार्दिकताका साथ काम गरियो ।' उनलाई जनता र देशका लागि अझ धेरै गर्न बाँकी छ जस्तो लागेको छ । सांसदको भूमिका तत्काल लागि सकिए पनि जनताको सवालमा अझै केही गर्न मन छ ।

# त्रिपालबाट छानामुनि ल्याउन सरकार केन्द्रित छः उपप्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले जाजरकोट भूकम्पबाट प्रभावित नागरिकको जीवनयापनलाई सहज बनाउन सरकारले अस्थायी आवास निर्माणमा सुरक्षा अङ्गलाई परिचालित गर्ने निर्णय गरेको बताएका छन् ।

राष्ट्रियसभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बिहीबारको बैठकमा उनले त्रिपालमुनि बसिरहेका भूकम्पपीडितलाई छानामुनि ल्याउन सरकार केन्द्रित रहेको बताए । चिसोका समयमा त्रिपालमुनि बसेका भूकम्पपीडित थप समस्यामा नपरुन् भनेर नै सरकारले नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई अस्थायी आवास निर्माणमा खटाउने निर्णय गरेको उनको भनाइ छ । सम्बन्धित जिल्लास्थित जिल्ला विपद् व्यवस्थापन समितिले सुरक्षा अङ्गलाई आवश्यकतानुसार परिचालित गर्न सक्ने व्यवस्था मिलाइएको जानकारी दिँदै उपप्रधानमन्त्री श्रेष्ठले थप जनशक्ति आवश्यक परेको खण्डमा उपलब्ध गराउन सरकार तयार रहेको बताए । भूकम्पबाट प्रभावित नागरिकलाई सहायता पुर्याउन सरकारले तत्कालै तीन चरणको काम अघि बढाएको उल्लेख गर्दै उद्धार, राहत र आवास पुनःनिर्माणलाई प्राथमिकतामा राखिएको स्मरण गराए ।

'भूकम्पपछि प्रधानमन्त्री स्वयं प्रभावित क्षेत्रमा पुगेर उद्धारको नेतृत्व गर्नुभयो', उनले भने, 'घाइतेको पहिचान गरी तत्काल उपचारका लागि लगिएको थियो, घाइते उपचारविहीन बन्नु परेन ।' गत कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्पमा जाजरकोटमा एक सय एक र रुकुम पश्चिममा ५३ गरी कुल एक सय ५४ जनाको मृत्यु र तीन सय ६६ जना घाइते भएको गृह मन्त्रालयले जनाएको छ । भूकम्पबाट जाजरकोट, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, रोल्पा, नवलपरासी पूर्व, दैलेख, दाङ, बैतडी, जुम्ला, प्यूठान, अछाम र जाजरकोटमा क्षति पुगेको थियो । प्राप्त तथ्याङ्कअनुसार भूकम्पबाट २६ हजार पाँच सय ५७ घर पूर्ण क्षति, ३५ हजार चार सय ५५ घर आंक्षिक क्षति भएका छन् । यस्तै १६ सरकारी कार्यालय पूर्ण र ३४ सार्वजनिक भवन आंक्षिक क्षति पुगेको गृह मन्त्रालयले जनाएको छ । भूकम्पको दोस्रो दिनदेखि सरकारले राहत वितरणलाई प्रभावकारी बनाएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले अब अस्थायी आवास निर्माण र पुनःनिर्माणमा ध्यान केन्द्रित भएको बताए । अस्थायी आवास निर्माण गर्न दुई किस्तामा प्रतिपरिवार ५० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय कार्यान्वयनमा गइसकेको उल्लेख गर्दै प्रभावितले पहिलो किस्तास्वरुप २५ हजार रुपैयाँ पाउने र आवास निर्माण थालेपछि थप २५ हजार रुपैयाँ उपलब्ध गराइने बताए । उपप्रधानमन्त्री श्रेष्ठले भूकम्पबाट बढी प्रभावित जाजरकोट र रुकुम पश्चिममा अस्थायी आवास निर्माण गर्न मात्रै पाँच अर्ब बढी रकम आवश्यक पर्ने अनुमान गरिएको बताए ।

'प्रभावित क्षेत्रमा निजी आवास तथा सरकारी संरचनाको पुनःनिर्माण गर्न ठूलो रकम खर्च हुने अनुमान गरिएको छ', उनले भने, 'पुनःनिर्माणका लागि दातृ राष्ट्रसँग छलफल भइरहेको छ ।' भूकम्प प्रभावित क्षेत्रका नागरिकले भोग्नुपरेका समस्या समाधान गर्न अन्तरमन्त्रालय समन्वय भइरहेको जानकारी दिँदै उनले प्रदेश सरकारसँग पनि आवश्यक समन्वय भइरहेको बताए । बैठकमा सांसदहरूले भूकम्पबाट प्रभावित नागरिकको तत्काल उद्धार र राहतमा सरकारको सक्रियताप्रति धन्यवाद दिँदै अस्थायी आवास निर्माण र आवास पुनःनिर्माणमा ध्यान केन्द्रित गर्न सुझाव दिएका थिए । त्रिपालमुनि बसेका कतिपय भूकम्पपीडितको चिसोका कारण मृत्यु भएको, एकल महिलाका लागि अस्थायी आवास निर्माणमा सहयोग गर्न तथा भूकम्प प्रभावितको स्वास्थ्यवस्थाबारे ध्यान दिन सरकारसँग आग्रह गरेका थिए ।

रकम पठाउने कार्य द्रुतमार्गबाट सरकारले भूकम्प प्रभावितको अस्थायी आवास निर्माणका लागि रकम निकासासम्बन्धीको कार्यविधिलाई सरलीकृत गरेसँगै रकम निकासाको काम तीव्र पारेको छ । माग हुनेबित्तिकै निकासा गर्नेगरी तयारी गरिएको छ । हालै सरकारले 'भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० लाई केही संशोधन गर्दै सरल बनाएपछि आजसम्ममा भूकम्पपीडितको अस्थायी आवास निर्माणका लागि पहिलो किस्ताबापत दुई करोड ५३ लाख ५० हजार रकम निकासा भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार लाभग्राही निश्चित भएका एक हजार १४ लाभग्राहीका लागि रकम निकासा गरिएको हो । प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले रकम लाभग्राहीको हातमै पुगिसकेको जानकारी दिए । कार्यविधि संशोधन गर्दै सरकारले बैंक खातामा दिनुपर्ने अनिवार्य व्यवस्थालाई संशोधन गरी हातमै दिन सकिने गरी कार्यविधि बनाएको थियो । सोही आधारमा रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकाका पहिचान भएका ६४ घरपरिवार (लाभग्राही)का लागि १६ लाख रुपैयाँ, रुकुम पश्चिमको आठबिसकोट नगरपालिकाका पाँच सय लाभग्राहीका लागि एक करोड २५ लाख रुपैयाँ र रुकुम पश्चिमकै सानीभेरी गाउँपालिकाका चार सय ५० लाभग्राहीका लाग एक करोड १२ लाख ५० हजार रकम निकासा भएको प्रवक्ता खड्काले जानकारी दिए । बाजुरा जिल्लाको पाँच स्थानीय तहबाट एक हजार तीन सय ६१ लाभग्राही कायम गरी जिल्लाबाट रकम निकासाको माग भइआएका र उनीहरूका लागि पनि छिट्टै रकम निकासा हुने उनले बताए । सरकारले चिसोको समयमा छिटो लाभग्राहीको अस्थायी घर निर्माण गर्नुपर्ने भएकाले सोहीअनुसार रकम निकासा तीव्र पारिएको जनाएको छ ।

लाभग्राही निश्चित भएर रकम माग हुनेबित्तिकै अन्य क्षेत्रका लाभग्राहीका लागि पनि अस्थायी आवास निर्माणबापतको पहिलो किस्ताको रकम निकासा हुने पनि उनले बताए । पहिलो किस्ताबापत प्रतिलाभग्राहीले २५ हजार रुपैयाँ पाउनेछन् ।

# ओमानको कालकोठरीबाट युवतीको उद्धार

रासस
झापा ।
वैदेशिक रोजगारीका सिलसिलामा ओमान पुगेकी मेचीनगर नगरपालिका–१५ निवासी २८ वर्षीया सञ्जिता राजबंशीलाई रोजगारदाता कम्पनीले अलपत्र पारेपछि उद्धार गरेर स्वदेश फकाइएको छ । गत असोज ३० गते स्काइ अफ दी वल्ड नामक म्यानपावर कम्पनीले मासिक ५० हजार रुपैयाँ तलब दिने आश्वासनमा उनलाई ओमानको अल लुल्लाह अल मिथल्ता ट्रेडिङ कम्पनीमा पु¥याएको थियो । ब्यूटीपार्लरको काम दिने भनेर कम्पनीले मुख्य सहरबाट टाढा एकान्तमा रहेको तीन तले भवनमा पु¥याएर पर्यटकलाई नुहाइदिने र मसाज गर्ने काममा जबरर्जस्ती लगाउने प्रयास गरेको थियो । पुरुष पर्यटकलाई नुहाइदिने र शरीर मालिस गर्ने काम गर्न अस्वीकार गरेपछि रोजगारदाता कम्पनीका अरेबियन सञ्चालकले मानसिक दबाब दिएर अज्ञात स्थानमा बन्धक बनाएर राखेको उनले बताइन् । कम्पनीका सञ्चालकले मुख थुनेर शारीरिक यातना समेत दिने गरेको उनले सुनाइन् । सञ्जिताले यो खबर नेपालस्थित आफ्नो परिवारसम्म पुऱ्याएपछि झापा निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभाका सदस्य विश्वप्रकाश शर्मामार्फत ओमानस्थित नेपाली दूतावासले उनको सकुशल उद्धार गरेको हो । सञ्जिताले ओमानमा सकसपूर्ण ४० दिन बिताएकी थिइन् । उद्धारपछि यही मङ्सिर ११ गते उनी घर आइपुगेकी हुन् । घर आइपुगेपछि उनले ओमानको कालकोठरीबाट बाँचेर आएको बताइन् । 'ओमानमा मलाई चार तले भवनको अँध्यारो कोठामा एक्लै राखेर पर्यटकलाई नुहाइदिने काम गर्न जबरर्जस्ती गरे', उनले भनिन्, 'ब्यूटीपार्लरको काम दिने भनेर ल्याएको हो, यस्तो काम गर्दिन भनेर मैले ठाडै अस्वीकार गरेँ । त्यसपछि मलाई उनीहरूले बन्धक बनाएर तनाव दिए ।' उनले मसाजको काम नगर्ने स्पष्ट पार्दै आफूलाई नेपाल फर्किने वातावरण बनाइदिन आग्रह गर्दा रोजगारदाता कम्पनी अल लुल्लाह अल मिथल्ता ट्रेडिङका सञ्चालकले दुई लाख ५० हजार रुपैयाँ माग गरेको बताइन् । 'तिमीलाई दुई लाख ५० हजार रुपैयाँमा हामीले किनेर ल्याएको हो, त्यो पैसा घरबाट ल्याएर हामीलाई देउ अनि मात्र घर फर्किन पाउँछौँ भन्यो', रोजगारदाता कम्पनीबाट पाएको सास्ती सुनाउँदै उनले भनिन्, 'त्यसपछि मैले बाँच्ने आशा मारिसकेको थिएँ ।' उनी 'हेयर स्टाइलिस्ट'को काम गर्ने लिखित सम्झौतासहित स्काई अफ दी वल्ड म्यानपावर कम्पनीको विर्तामोड शाखामार्फत ओमान पुगेकी थिइन् । विर्तामोडमा रहेको अप्सरा ब्यूटीपार्लरमा काम सिक्दा पार्लरकी सञ्चालक ललिता अधिकारीले स्काई म्यानपावरमार्फत आफूलाई ओमान जान प्रलोभन देखाएको सञ्जिताले सुनाइन् । ओमानमा अलपत्र परेपछि सञ्जिताका परिवारका सदस्यहरूले उद्धारका लागि स्काइ मेनपावर कम्पनी र अप्सरा ब्यूटीपार्लर गुहारेका थिए । दुबै पक्षले आफूले जिम्मेवारी नलिने बताएपछि सञ्जिताका काका वृक्षलाल राजबंशी सांसद विश्वप्रकाश शर्मालाई भेट्न गएका थिए । 'मलाई कम्पनीले अलपत्र पा¥यो, छिटो उद्धार भएन भने म झुण्डिएर मर्छु भनेर भतिजीले म्यासेज पठाएपछि हामी अत्तालियौं', सञ्जिताका काका राजबंशीले भने, 'जसले ओमान पठाएको हो, त्यही म्यानपावर र ब्यूटीपार्लरमा जाँदा केही पनि जान्दैनौं भनेर फर्काइदिए ।

# निर्वाचन प्रणालीबारे गलत अभिव्यक्ति नदिन आग्रह



**काठमाडौँ ।**
प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन प्रणालीबारे गलत अभिव्यक्ति नदिन जनप्रतिनिधिलाई सुझाव दिएका छन् । दलित महिला केन्द्र नेपालले बिहीबार आयोजना गरेको 'निर्वाचन व्यवस्थापन विधेयक सम्बन्धमा सांसदसँग अन्तरक्रिया'मा उनले मतदाताको आत्मसम्मानमा चोट पुग्ने गरी निर्वाचन प्रणाली र लोकतन्त्रविरोधी अभिव्यक्ति नदिन जनप्रतिनिधिलाई सुझाव दिए । 'निर्वाचन प्रणाली र लोकतान्त्रिक प्रणालीविरुद्ध अभिव्यक्ति दिनु हुँदैन, जसरी पनि चुनाव जित्नुपर्छ भन्ने मानसिकताले अभिव्यक्ति दिनु गलत हो', प्रमुख आयुक्त थपलियाले भने । जनप्रतिनिधिले मुलुकको सार्वभौमसत्ता, लोकतन्त्रका लगायतका विषयमा गहनतापूर्वक विश्लेषण र छलफल गर्न आवश्यक रहेको पनि उनको भनाइ छ ।

प्रमुख आयुक्त थपलियाले संविधानले निर्दिष्ट गरे बमोजिम निर्वाचन व्यवस्थापन विधेयक तयार पारिएको बताए । प्रतिनिधिसभा तथा राष्ट्रियसभाका समिति, महिला सञ्जाल, कानुनविद्लगाय २५ वटा सरोकारवाला पक्षसँगको छलफल, प्रदेश तथा स्थानीय स्तरबाट लिखित सुझाव सङ्कलन गरी आयोगले विधेयक तयार पारेको उनको भनाइ छ ।



यहुदीहरु बिदाका दिन खानामा रुची राख्छन् । उनीहरुलाई भनिएको थियो, 'तिमीहरु मारिनेमा छौ, मारिएनौँ, अब उत्सव मनाउँदै खाना खाएर बिदा मनाऔँ।

–अलन किङ

## सम्पादकीय

# प्रदेश सरकारभित्र असन्तुष्टि र उल्झन

बुधबार मात्रै सुरु भएको मधेश प्रदेश सभा बैठक सुरुमा जवाफ दिने सरकार र मन्त्री अभावमा १५ मिनेट स्थगित नै गर्नु प¥यो । पछि केही मन्त्री आएपछि बैठक सुरु भयो । दुई वटा समिति राजनीतिक भागवण्डाका आधारमा निर्विरोध परिपूर्ति भयो । तर बुधबार र बिहीबार प्रदेश सभा बैठकमा सदस्यहरुले उठाएको विषयले भने सत्तारुढ जनता समाजवादी पार्टीकै प्रदेश सांसदहरु पनि सरकारसँग असन्तुष्ट भएको पाइएको छ । प्रदेश सभा बैठकमै मुख्यमन्त्रीकै पार्टी जनता समाजवादी पार्टी (जसपा)कै प्रदेश सांसदहरुले प्रदेश सरकारलाई धर्ना दिनु पर्ने अवस्था आएको भन्दै गुनासो गरे । उनीहरुले केन्द्र सरकारसँग 'प्रहरीको अधिकार देऊ' भनेर काठमाडौँ धाएका भरमा प्रदेश सरकारको आयु पार भइरहेको भन्दै जसपाकै सांसदहरुले नै हामीलाई काम देऊ या मधेश प्रदेश सभामा बिजनेस देऊ भनेर प्रदेश सरकारकहाँ जानु पर्ने र धर्ना दिनु पर्ने विषय उठान पक्कै पनि सामान्य होइन । यो मुद्दाले प्रदेश सरकार गतिलोसँग नहिँडेको र अझ सत्तारुढ पार्टीकै प्रदेश सांसदहरु पनि असन्तुष्ट रहेको विषय सतहमा आएको छ ।

मधेश प्रदेश सरकार गतिमा हिँडेको छैन भनेर पटकपटक गठबन्धनकै दलहरुले भन्ने गरेकै छन् । जनमत पार्टी मधेश सरकारको गठबन्धनमा सबैभन्दा असन्तुष्ट घटक हो । जसपाको पेलाइमा परे पनि केन्द्रीय गठबन्धन र मालदार मन्त्रालय सञ्चालनको लोभमा मौन छ । अन्य दलहरुले पनि मधेशका मन्त्रालयहरुमा जसपाकै हालिमुहालिलाई मन पराएका छैनन् । बलियो शक्ति भएकाले एमालेले पनि प्रदेश सरकारको सकेको खोइरो खन्ने नै भयो । यसो हुँदा अरु दलहरुको सरकार भन्दा एमाले राम्रो र केही गर्न खोज्दा प्रतिपक्षमा थन्काउने काम भयो भनेर सहानुभूति बटुल्ने नै भयो । यस्तो मामिलामा फेरि एमाले अलि माहिर नै छ । नेकपा एकीकृत समाजवादीको मन्त्रालयमा कर्मचारी नै छैनन् । बजेट उस्तै कम छ । यावत् कमजोरीका बीच मधेश सरकार दौडिरहेको छ । कहाँ दौडिरहेको छ ? नतिजा नआएसम्म भन्न र सोध्न मिलेन । तर सरकार दौडिरहँदा सरकार सञ्चालक पार्टी, मुख्यमन्त्रीका पार्टीका प्रदेश सांसदहरु पनि असन्तुष्ट छन् भने कसरी मधेश सरकार सफलताको दौडमा देखिन्छ ? यसले निम्त्याउने नतिजा सबैले अनुभूत गर्ने हुनसक्छ कि सक्दैन ? प्रश्न चिन्ह उब्जिएको छ ।

तर जनताले अनुभूत गर्ने गरी प्रदेश सरकारले काम गर्न सकेको छैन । चार महिना प्रदेश सरकारका मन्त्री, सांसदले तलबभत्ता मात्र खाएको पक्कै हो । चार महिनामा उसले गरेको बजेट खर्चको आँकडा हेर्दा यसपटक पनि असारको २० गतेपछि दैनिक विकासे कामको चेक काट्ने अवस्थामा सरकार नपुग्दा भन्ने छैन । किनभने चार महिना घुमघाम र चाडपर्वमा मस्त रहँदा प्रदेश सरकारले देखाउने गरेको काम भनेको केन्द्र सरकारलाई दिएको एक महिने अल्टिमेटम मात्र हो । योसँगै पछि सात प्रदेशका गृहमन्त्रीहरुले पनि प्रधानमन्त्री र गृहमन्त्री भेटेर मधेशकै मुद्दा दोहो¥याएकाले यसको क्रेडिट त मधेश सरकाले पाउला । तर जनताले अनुभूत गर्ने विकासका कामका मामलामा भने मधेश प्रदेश सरकारले अब के गर्ला भनेर जनता मात्र होइन, दलका नेता कार्यकर्ता पनि प्रतीक्षा गरिरहेका छन् ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

# मिथिलाको सांस्कृतिक चिनारी र राममन्दिरको वात्सल्यदेवी प्रतिमा



–वीरेन्द्र रमण

मिथिला क्षेत्र सम्पदाले भरिपूर्ण क्षेत्र हो। यहाँका एक से एक सम्पदा सभ्यताका सूचक बनेका छन्, जसले मिथिला क्षेत्रको प्राचीनतम इतिहासलाई उजागर मात्र गरिरहेको छैन, उद्गम थलोको गरिमामा पनि आभास गराइरहेको छ। तर ती इतिहासका खोज भने जुन रुपमा हुनुपर्ने त्यसअनुसार अहिलेसम्म भएको पाइन्न। यसकारण ती सम्पदा ओझेलमा परिरहेका छन्। यदाकदा गलत व्याख्यासमेत हुने थालिसकेको छ। मिथिला इतिहासका विषयमा समेत कुनै ठोस रुपमा अध्ययन भएको देखिँदैनन भने अर्कातर्फ नेपाली क्षेत्रको मिथिलाको समेत खोज नभएका कारण कतिपय अवस्था भ्रामक प्रचारबाजीसमेत हुँदै आएको छ। राज्यको लगानीसमेत खासै मिथिला क्षेत्रको सम्पदाको अध्ययनमा पुगेको देखिँदैनन। त्यसकारण समेत समस्या आउने गरिएको छ। विषेश गरेर मिथिलाको सम्पदाको उत्खनन्को प्रयास नै कहिले पनि भएको देखिँदैनन। त्यसले कतै न कतै हाम्रा सम्पदालाई समेत ओझेलमा पार्दै आएको छ। पौराणिक मान्यताअनुसार मिथिला नाम पौराणिक राजा मिथिको नामले नामकरण गरिएको हो। उनी आफ्ना पिता राजा निमीका शरीरबाट बनाइएको मान्यता



छ। किनभने उनको उत्पत्ति आफ्नो पिताको शरीरको मन्थनउपरान्त भएको थियो, जसका कारण उनको नाम मिथि भनिएको हो। पौराणिक परम्परामा राजाको शासकीय क्षेत्रको नाम राजाको नामबाट राख्ने गरिएको थियो। त्यसैकारण मिथिका नामबाट यो क्षेत्रको नाम मिथिला हुन गएको हो। मिथिला जनकपुरीको राजधानी थियो र राजा मिथि जनकबाट उत्पन्न भएकाले स्वयम् मिथि र उनीलगायत भएका शासकहरूसमेत जनक भनिए। यसपछि मिथिलाका राजाहरूलाई जनक भन्न सुरु गरिएको थियो। सीताकी पिता शीरध्वज जनक हुन् जुन वाल्मीकि रामायणका हिसाबले जनकपुरीको २५औँ राजा भएका थिए। देवी भागवतअनुसार निमिको १९औँ पुस्तामा राजर्षि जनक शीरध्वज भएका थिए। उनको विद्वताको चर्चा देवी भागवत, श्रीमद्भगवद्गीता, विष्णु पुराण, वृहद् विष्णुपुराण र अन्य पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ। मिथिलाको धेरैजसो इतिहास धार्मिक पुस्तकमा मात्रै केन्द्रित छ। यसले समेत समस्या आउने गरेको छ। अर्थात् धार्मिक पुस्तक मिथिलाको इतिहासको खोजको एउटा बाटो हुनसक्छ तर त्यसैलाई नै पूर्ण रुपमा आधार मान्ने अवस्था भने देखिँदैन। मिथिलाको प्राचीन नगरीको रुपमा जनकपुरधाम छ। धार्मिक ग्रन्थलाई आधार मान्ने हो भने यो नगरी मिथिलाको राजधानी थियो। धेरैजसो ग्रन्थमा मिथिलालाई राज्य भन्दा पनि नगरीका रुपमा समेत स्थान पाएको देखिएको छ। अर्कातर्फ यो नगरी नै मिथिला राज्यको राजधानी थियो भन्नेमा दुईमत देखिँदैन। यो सहर पूर्व ऐतिहासिक मैथिली सभ्यताको केन्द्रविन्दुका रूपमा रहेको छ। तपस्वीहरू, पण्डितहरू र स्थानीय गीतहरूबाट प्राप्त विवरणले हालको जनकपुर क्षेत्रको स्थापना १८औँ शताब्दीको प्रारम्भमा भएको देखाउँछ। तीर्थस्थलको रूपमा जनकपुरको सबैभन्दा प्रारम्भिक वर्णन सन् १८०५ मा गरिएको थियो। यसअघि कुनै प्राचीन सहरको उपस्थितिको पुरातात्विक प्रमाण फेला परेको छैन। राजा जनकको दरबार विदेह राज्यको राजधानी मानिएको प्राचीन जनकपुरमा रहेको मानिन्छ। रामायणका अनुसार जनकले खेतमा हलो जोत्ने क्रममा एक बालिकालाई भेट्टाए, जसलाई सीता नामकरण गरेर उनलाई आफ्नो छोरीका रूपमा हुर्काएका थिए। सीता ठूली भएपछि जनकले एक हजार वर्ष पहिले जनकपुर नजिकै छोडेको शिवको धनुष उठाउन सक्ने जो कोहीसँग सीताको विवाह गर्ने प्रस्ताव राखेपछि विभिन्न राज्यका राजकुमारले धनुष उठाउने प्रयास गरे तर अयोध्याका राजकुमार रामले मात्र धनुष उठाउन सफल भए। मिथिला क्षेत्रका पुरानो गीतअनुसार यो धनुष जनकपुरको उत्तरपूर्वमा भेटिएको थियो।



मिथिला क्षेत्रमा मानिसको बसोबास सुरु भएपछि एउटा समुदायले यहाँ आएर निवास गरे। उनीहरुसँग गाईको ठूलो बथान थियो। यी गोपालहरु आफना गाईलाई यहाँको समतल मैदान र यहाँको हावापानी र शिवालिक पर्वतको दक्षिणमा उम्रिएको शिवालिक जंगलमा चराउने गर्थे। दोश्रो सहस्राब्दीतिर लेखिएको तेतरीय संहितामा यस विषयमा उल्लेख भएको पाइन्छ। विभिन्न सम्प्रदायका धार्मिक ग्रन्थमा समेत जनकपुरको चर्चा भएको पाइन्छ। यस्तो कुनै ग्रन्थ छैन, जसमा जनकपुर वा मिथिला क्षेत्रको चर्चा नहोसु, त्यसकारणले जनकपुरमा प्राचीनतम इतिहासलाई प्रतिविम्बित गरिरहेको छ। तर खोज र अनुसन्धान अभावमा नै यस किसिमले समस्या आउने गरिएको देखिएको छ।

जैन अनुश्रुतिअनुसार भगवान महावीरले मिथिलामा ६ वटा वर्ष याम व्यतीत गरेका थिए। मझिम निकायका रुपमा परिचित विदेहको



राजधानीमा भगवान गौतम बुद्धको दुईपटक आमगन भएको थियो। भगवान शुघले यहाँ मखादेव अम्बवन आदि स्थानमा सेर मानिसलाई आफनो धर्ममा दीक्षित गरेका थिए। गान्धार जातकको कथा अनुसार, सोह्र हजार ढुंगे घरहरु र सोह्र हजार नर्तकी थिए। जातकको वर्णनअनुसार विदेहको राजधानी विदेहपुरी सात योजनाको क्षेत्रमा फैलिएको थियो। बौद्धकालमा व्यापारी टाढाटाढाबाट आफ्नो सामान लिएर आउने गर्थे। रहेकपटक मिथिलाको इतिहासमा उथलपुथल भएको घटना वर्णन गरिएको

हिन्दू धर्ममा राम र सीता दुवै प्रमुख व्यक्तित्व भएकाले जनकपुर हिन्दूहरूका लागि महत्वपूर्ण तीर्थस्थल हो। यस राज्यको सीमान्त क्षेत्रमा कपिलेश्वर, कुपेश्वर, कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र मिथिलेश्वरलगायतका विभिन्न लिंग स्थापित थिए। जो अहिले पनि मिथिलाको ऐतिहासिक सम्पदाको झझल्को दिने गरिएको छ। मिथिला परिक्रमाको अवसरमा तीर्थयात्री यी शिवलिंगको प्रेमाभावले दर्शन र पूजा गर्ने परम्परा थियो।

छ। तर हरेक समयमा मिथिला क्षेत्र समृद्धिका रुपमा आफूलाई अगाडि बढाएका चर्चा गरिएको छ।

**राममन्दिर, आमा र बालकको मूर्ति**

जनकपुरको प्रसिद्ध राममन्दिर आफैंमा मिथिलाको कलाको एउटा उदाहरणका रुपमा लिन सकिन्छ। यो मन्दिर जनकपुरको प्रसिद्ध मन्दिरको दोश्रो मन्दिर हो। यसको निर्माण विक्रम सम्वत १८३९ सालमा अमरसिंह थापाले प्यागोडा शैलीमा दुई छाना भएको मन्दिर बनाएका हुन्। यसको गर्भगृहमा राम, सीता, लक्ष्मण, भरत, शत्रुघनसहितको रामको पाञ्चायन मूर्तिहरु रहेका छन्, दशावतार मूर्तिहरु छन्। यसको निर्माण मकवानपुरे राजा ईन्दुविधाताको समयमा भएको र गुठीसमेत त्यतिखेरै राखेको यहाँका ताम्रपत्रमा उल्लेख छ। मन्दिरमा श्री ३ जुद्ध शम्शेरले पित्तलमा सुनको जलप लगाएका थिए। जो अहिले पुनर्निर्माण गर्दा हटेको छ। मन्दिर परसिरमा अनेकौं मन्दिर छन्। कतिपय मन्दिर, जो यहाँ महन्थहरु निधन भएको तिनीहरुको समाधिसमेत छन्। ती समाधिमाथि समेत सानोतिनो मन्दिर बनाइएको छ। मिथिला मूर्तिकालको उत्तम उदाहरण हो। यस मूर्तिलाई खास सम्प्रदाय विशेषसँग सम्बन्धित गर्नु हाल गारो छ, यद्यपि मूर्तिमा कुँदिएको गणेश, कार्तिकेय र लिंगबाट यो मूर्ति शैव सम्प्रदायको मूर्ति हो भन्ने बुझिन्छ। आमा बच्चाको सुसार गरिहेकी छिन् भने आमालाई दुईवटी महिलाले सुधार गरिरहेको देखिन्छ। एउटा जिउ थिचिरहेकी छिन्, अर्की पंखा हम्किरहेकी छिन्। आमाको लाक्षणिक केश सजावट तथा पद्मपलास किसिमको आँखाले यो एघारौं शताब्दीमा बनेको मूर्ति हो भन्ने देखिन्छ। अर्कोपट्टि तलतिर दुईवटा कमलको फूलमाथि नमस्कार मुद्रामा भक्तजन कुँदिएका छन्। यो मूर्तिको जस्तै एउटा मूर्ति दिल्लीको संग्रहालयमा कलाकक्षमा प्रदर्शित छ र यसलाई बाह्रौँ शताब्दीको मूर्ति भनिन्छ। यसरी शैलीका आधारमा पनि यो मूर्तिलाई बाह्रौँ शताब्दीको भन्नुपर्छ। विभिन्न ठाउँमा भएका उत्खनन्मध्ये सिम्रौनगढमा पाइएका मूर्तिको बढी चर्चा हुने गर्छ । किनकी यस क्षेत्रमा मिथिला कला प्रशस्तरूपमा प्राप्त भएका छन्। कलाविद् मोहनप्रसाद खनालले विदेह वा मिथिलाको इतिहासमा धेरै खोज गरेका छन्। उनका अनुसार प्रारम्भकालदेखि विदेह वा मिथिलाको इतिहास निकै गौरवपूर्ण छ। प्राचीनकालमा गंगादेखि उत्तरमा पर्ने मिथिला प्रदेश तीरभुक्तिका नामले प्रसिद्ध थियो। सोही तीरभुक्तिमा ११औँ शताब्दीमा आएर चालुक्यका सेनापति नान्यदेवले आफ्नो एकलौटी अधिकार जमाई एउटा स्वतन्त्र राज्य स्थापना गरे। त्यसपछि लगभग २ सय ५० वर्षसम्म (यसलाई तुलसी वैद्यले २ सय २९ वर्ष मात्र उल्लेख गरेका छन्) मिथिला प्रदेशमा कर्नाटकवंशी राजाको शासन चल्यो। त्यसैबेलादेखि मिथिलाको राजधानी हुने सौभाग्य सिम्रोनगढलाई प्राप्त भयो। गोपालराज वंशावलीका अनुसार, नान्यदेव कर्नाटवंशी थिए। सुरुमा उनी महासामन्त थिए भन्ने 'भारतवार्तिका' नामक हस्तलिखित ग्रन्थको पुष्पिका वाक्यमा परेको 'महासामन्ताधिपति मिथिलेश्वर कर्णाटकुल भूषण धर्माधिभूपति' भन्ने पदवीले देखाउँछ। कतिपय मूर्तिहरु मिथिला क्षेत्रमा प्राप्त भएको छ। तर यसको विषयमा खोज भने हुनसकेको छैन। जसकारण समस्या देखिएको छ। मिथिला क्षेत्रको प्राप्त भएको मूर्तिको विषयमा आवश्यक अनुसन्धानको खाँचो छ।

~~~

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धनार्जनको योग हुनाको साथै तपाईंलाई देख्नेहरु मोहित होलान् ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आजको दिन तपाईंमा निरोगिता तथा आरोग्यता आउला, बल बुद्धि तथा तेजमा वृद्धि होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मान तथा सम्मानमा हानि होला, आजको दिन भगवान गणेशको आराधना गर्नाले राम्रो हुन्छ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन विशेषरुपमा होशियार रहनुहोला, अनावश्यक खर्च तथा व्ययले मन खिन्न रहला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
विभिन्न प्रकारका धन तथा सम्पत्तिको लाभ होला, आजको दिन पुजापाठमा सहभागी भईएला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
तपाईं आजको दिन कुनै पनि मांगलिक सहभागी हुनुहुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
विभिन्न प्रकारका उन्नति र प्रगतिले तपाईंलाई उत्साहित गराउला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन तपाईंलाई उच्च पद प्राप्ति हुनसक्छ, कुनै पनि परिक्षामा उतिर्ण भईएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
,कुनै पनि पद तथा नेतृत्व प्राप्त होला, तिर्थयात्रा पनि हुनसक्छ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंमा नयाँ नयाँ सोच र बिचारको उदय होला, साहित्यिक कार्य गरिएला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
वैदेशिक यात्रा तथा रोजगारको अवसर पनि प्राप्त होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
तपाईंलाई आजको दिन गुप्त बिद्या तथा ज्ञान प्राप्त होला, खानपान तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भईएला।
~~~

# संघ सरकारले शासन होइन, समन्वय गर्ने हो



- राजतन्त्र पुनःस्थापना र सङ्घीयता खारेजीको मुद्दा बोकेका तथा राजतन्त्र अन्त्य गरी सङ्घीयता र गणतन्त्रको नेतृत्व गरेका दलहरू एकैठाउँमा रही सरकार सञ्चालन गर्नुपर्दा सङ्घीयता कार्यान्वयनको प्रभाव कति होला भनी सहज अनुमान गर्न सक्छौँ । यी विविध खाले जटिलताका बीच सङ्घीयतालाई संस्थागत र सुदृढ गर्न प्रदेशलाई बलियो र सक्षम बनाउनुको विकल्प छैन ।
- बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले मुलुकमा राजनीतिक परिवर्तनका लागि ज्यानकै बाजी राखेर आन्दोलनमा होमिने एक भद्र र जुझारु व्यक्तित्वका रूपमा राष्ट्रिय राजनीतिमा आफ्नो परिचय बनाएका छन् । गत निर्वाचनमा सिन्धुलीबाट प्रदेशसभा सदस्य निर्वाचित उनी बागमती प्रदेशको मन्त्रीका हैसियतले समग्र शान्ति सुरक्षा र कानुन कार्यान्वयनको जिम्मेवारीमा रहेका छन् ।

**गंगानारायण श्रेष्ठ, मन्त्री**
**आन्तरिक मामिला तथा कानुन, बागमती प्रदेश**

*प्रदेश संरचना, भइरहेका अभ्यास, अधिकार हस्तान्तरण, कानुनी जटिलता, जनताका माग, पार्टी एकीकरण र राज्यका प्राथमिकतालगायत समसामयिक विषयमा नेपाल समाजवादी पार्टीका सहअध्यक्ष एवं प्रदेशमन्त्री श्रेष्ठसँग लिइएको अन्तर्वार्ताको सम्पादित अंशः*

**मुलुकमा गएको आठ वर्षमा सङ्घीयता कार्यान्वयनमा भएको अभ्यासलाई यहाँले कसरी हेर्नुभएको छ ?**
संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान घोषणाले देश दुई सय ४० वर्षपछि सङ्घात्मक प्रणालीमा प्रवेश गर्‍यो । यो हाम्रा लागि नितान्त नयाँ प्रणाली र संरचना भएको हुँदा बुझ्ने र प्रयोग गर्ने सन्दर्भमा स्वभाविकरूपमा अनुभवको कमी थियो र छ भन्ने प्रतिविम्ब देखिन्छ । लामो समयको केन्द्रिकृत अभ्यासको 'ह्याङ' राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र सबैतिर देखिन्छ । सँगसँगै हामीले अवलम्बन गरेको निर्वाचन प्रणालीले एउटा दल विशेषको बहुमत आउँदैन । सरकार बनाउन बहुमत चाहिन्छ । त्यसका लागि लागि गठबन्धन गर्नैपर्‍यो । गठबन्धन गरिँदा राजतन्त्र पुनःस्थापना र सङ्घीयता खारेजीको मुद्दा बोकेका तथा राजतन्त्र अन्त्य गरी सङ्घीयता र गणतन्त्रको नेतृत्व गरेका दलहरू एकैठाउँमा रही सरकार सञ्चालन गर्नुपर्दा सङ्घीयता कार्यान्वयनको प्रभाव कति होला भनी सहज अनुमान गर्न सक्छौँ । यी विविध खाले जटिलताका बीच सङ्घीयतालाई संस्थागत र सुदृढ गर्न प्रदेशलाई बलियो र सक्षम बनाउनुको विकल्प छैन ।

**सङ्घीयता कार्यान्वयनको सन्दर्भमा यसबीचमा कानुन तर्जुमामा भएको उपलब्धि र समस्यालाई कसरी हेर्न सकिन्छ ?**
यसबीचमा सङ्घीयतासँग जोडिएका कतिपय कानुन बने, कतिपय बन्न बाँकी छन् । बनेका ऐन कानुनलाई कार्यान्वयनमा लैजान अहिले पनि विविध समस्या छन् । जस्तो प्रहरी समायोजनसम्बन्धी कानुन २०७६ सालमा बनेको हो नि ! त्यो ऐन आजसम्म कार्यान्वनमा नहुँदा प्रदेशको काम कारबाहीप्रति नै प्रदेशवासीले प्रश्न उठाउन थालेका छन् । प्रदेश सरकारको कार्यसम्पादनप्रति नै प्रश्न उठ्यो । यी र यस्तै विषयमा प्रधानमन्त्री र गृहमन्त्रीलाई भेटेर लिखितरूपमै प्रहरी समायोजनका विषयमा ध्यानाकर्षणपत्र बुझाएका छौँ । उहाँहरूले छिटोभन्दा छिटै ऐनअनुरुप समायोजन गर्छौं भनी प्रतिबद्धता जनाउनुभएको छ । विश्वास छ, यो काम छिट्टै हुनेछ । संविधानमा सङ्घीय, प्रदेश र स्थानीय सरकारको एकल र साझा अधिकारका विषयमा प्रष्ट उल्लेख छ । त्यसअन्तर्गत बनेका प्रहरी समायोजन ऐनसहितका कानुन कार्यान्वयनमा गएनन् । सङ्घीय निजामती र शिक्षा ऐन त बनेकै छैन । यसले प्रदेश सरकारलाई समस्या भयो । जनतालाई ऐन बन्यो वा बनेन भनी चासो लिने कुरा भएन । केवल परिणाम चाहियो । संविधानले जनतालाई दिएका हकअधिकार छिटो कार्यान्वयनमा लैजान जटिलता परेको छ । सङ्घीय सरकारबाट ती कानुन निर्माणमा उदासिनता देखिएको हो कि भनी हामी ध्यानाकर्षण गर्न आएका हौँ ।

**कानुन निर्माणमा प्रदेश सरकारको अग्रसरता र उपलब्धि कस्तो छ त ?**
प्रदेश सरकारले एकल सूचीमा रहेका विषयमा जोडिएका कानुन फटाफट बनाएको छ, जब साझा अधिकार सूचीको कुरा आउँछ, स्वभाविकरूपमा उसका सहयात्री र सरोकारवालासँग छलफल गर्नुपर्छ । प्रदेशले सङ्घ र स्थानीय तहसँग पनि समन्वय गर्नुपर्‍यो । यो विषयमा हामीलाई समस्या भइरहेको छ । शान्ति सुरक्षा प्रदेशको जिम्मा भनेर सविधानमा लेखिएको छ । तर त्यो सङ्घीय सरकारले पनि हेर्छ । प्रहरी ऐनअनुसार सरकारले समयोजन नगरिदिँदा हामीलाई अप्ठेरो परेको छ । कि भर्ना गर्न हामीलाई अधिकार दिनुपर्‍यो । अहिले भइरहेकै नेपाल प्रहरीलाई समायोजन गरेर प्रदेश प्रहरी बनाउने हो । त्यतातिर नेपाल सरकारको ध्यान छिटो जाओस् भन्ने हाम्रो माग हो ।

**प्रदेश सरकारको विकास निर्माण र योजना छनोटमा राजनीतिक गन्ध र सौदाबाजी हुने गर्छ भन्ने आरोप छ नि ?**
हामीले जुन विकासको ढाँचा प्रयोग गरिरहेका छौँ, त्यसलाई परिमार्जन गर्न राजनीतिक दल, नागरिक समाज र सरोकारवालाबीच गहन र बृहत् छलफल तथा अन्तक्रिया आवश्यक छ । अहिले हामीले अवलम्बन गरेको विकासको ढाँचा पहुँचमा आधारित छ । त्यो भनेको आवश्यकताका आधारमा नभई जसको जति बढी पहुँच छ, त्यसले त्यति नै बढी बजेट लैजाने हो । मतदाता रिसाउलान् तथा भोलि चुनाव लड्नुछ भन्ने मानसिकताबाट योजना तर्जुमा हुँदै आएको छ । सांसद भनेको विधायक भएकाले अब विकासको भारी बोकाउन हुन्न भन्ने मेरो मान्यता छ । उहाँहरूको राम्रो कानुन बनाउने जिम्मेवारी हो । बागमती सरकारले मातहतका १३ जिल्ला र एक सय १९ पालिकाबाट योजना सङ्कलन हुने योजना बैंक बनाएको छ । प्रदेश नीति योजना आयोगले तीमध्ये कुन आवश्यक हो वा होइन भनी पुष्टि गरेपछि छनोटमा परेका योजनामात्र अघि बढ्छ । जहाँ आवश्यकता छैन, त्यहाँ बजेट र योजना थुप्रने प्रवृत्ति अब दोहोरिन्न । त्यो भएन भने पनि जनता सन्तुष्ट हुँदैनन् ।

**विकास निर्माणमा प्रदेश सरकारले के विषयलाई प्राथमिकतामा राखेको छ त ?**
सडक, खानेपानी र बिजुली आधारभूत भौतिक पूर्वाधारका क्षेत्र हुन् । सडक पुर्‍याउने नाममा सरकारले नै विगत ३० वर्ष भत्काउने काम गरेको छ । पचासदेखि ८० को दशकसम्म हामी सबै र डोजर ड्राइभरलाई इन्जिनियर बनाएर भत्काउनेबाहेक गाउँ–गाउँमा बनाउने काम त्यति गरेनौँ । भत्काउने चरण सकिएकाले प्राथमिकीकरण गर्दै बनेकालाई सडकको स्तरोन्नति र ट्र्याक खोलिएकालाई ग्राभेलिङ गर्दै जानुपर्छ । विकाससम्बन्धी समग्र अवधारणामा नै वृहत्तर छलफल गर्नुपर्छ ।

**प्रदेश संरचनाको औचित्य, भ्रष्टाचार वृद्धि र खर्चलाई पनि सँगै जोडिएको पाटोलाई यहाँले कसरी हेर्नुहुन्छ ?**
भ्रष्टाचार न्यूनीकरण गर्ने सन्दर्भमा रोग एकातिर छ, औषधि अर्कोतर्फ गरिरहेको अवस्था छ । भ्रष्टाचारको सबैभन्दा ठूलो मुहान भनेकै हामीले प्रयोग गरेको निर्वाचन प्रणाली हो । यो प्रणालीलाई परिवर्तन गरेर पूर्ण समानुपातिक बनाउन सके भ्रष्टाचार ९० प्रतिशत कमी हुन्छ । अहिले भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र सम्पत्ति शुद्धीकरण आयोगलगायतका संरचनालाई कति स्वायत्त र प्रभावकारी बनाइएको छ ? हामीलाई राष्ट्रपतिदेखि सामान्य नागरिकसम्मको सम्पत्ति छानबिन र कारबाही गर्न सक्ने अधिकारसम्पन्न आयोग चाहिएकामा सेवानिवृत्त कर्मचारीलाई कुनै न कुनै रुपले अख्तियारको नेतृत्वमा पठाउने गरेका छौँ । अहिलेको संरचना ठिक छैन । यस्ता संरचनालाई समयानुकूल रुपान्तरण र परिवर्तन गर्नुपर्छ । अर्कोतर्फ मान्छेमा स्वभाव लोभी, भ्रष्टाचारी र आपराधिक हुने भएकाले त्यस्ता प्रवृत्तिलाई सामाजिक बहिष्कार गर्नुपर्छ । त्यसका लागि पनि अहिलेको निर्वाचन प्रणाली फेर्नैपर्ने हुन्छ । अन्यथा भ्रष्टाचारका अभियान नारामा मात्र सीमित हुन्छ ।

**समानुपातिक निर्वाचन प्रणाली भ्रष्टाचार न्यूनीकरणको अचुक उपायजस्तो विश्लेषण भयो, तर सँगसँगै यसले परिवारवाद र विकृति बढ्यो हटाउनुपर्छ भन्ने आवाज उठिरहेको पक्षलाई यहाँले कसरी लिनुभएको छ ?**
मैले भन्न खोजेको पूर्ण समानुपातिक निर्वाचन प्रणाली अहिलेको जस्तो नभई अर्कै हो । अहिलेको अभ्यास कुनै न कुनै रूपमा नेतालाई प्रभावमा राख्ने खालको छ । यो ठिक र पूर्ण छैन । हामीले भनेको समाज जस्तो छ, राज्यलाई त्यस्तै बनाउने हो । नेपाली समाज इन्द्रेणी रङको छ । त्यसका लागि समाजलाई समान अधिकार, समान अवसर, समान पहुँच र समान प्रतिनिधित्व गराउने खालको संरचना निर्माण गर्नुपर्छ । जनसङ्ख्याका आधारमा पहिला महिलाको कोटा सुनिश्चित हुनुपर्छ । त्यसभित्र महिला–महिलाबीच प्रतिस्पर्धा गराउनुपर्छ । त्यसमा प्रत्यक्षको विशेषता पनि आयो । सबै जातजातिलाई क्लष्टर र जनसङ्ख्याको आधारमा सिटको बाँडफाँट गरिनुपर्छ । राज्यमा समान प्रतिनिधित्व र प्रतिस्पर्धासँगै अघि बढाउन सकिने निर्वाचन प्रणाली अहिलेको आवश्यकता हो ।

**प्रदेश सरचना खर्चिलो छ, मुलुकले धान्न सक्दैन भन्ने कोणबाट उठेको प्रश्न, आत्मनिर्भर र अधिकार हस्तान्तरणका विषयलाई यहाँले कसरी हेर्नुभएको छ ?**
प्रदेश सरचना धेरै महँगो र खर्चिलो भयो भन्ने कुरा देशको इतिहास नबुझेकाले भनेका हुन् । हिजो राणाकाल, पञ्चायत र प्रजातन्त्रमा त्यस्ता संरचना थिएन र ? राणाकालमा गौंडा र गोश्वारा थिए भने पञ्चायतमा पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्ला तथा त्यहीअनुरुपको गाउँ पञ्चायत थियो । मुलुकमा गणतन्त्र आएपछि गाविसलाई वडा बनाइएको छ । अहिले सात प्रदेशमात्रै छ । हिजोका अञ्चलाधीश अहिलेका मुख्यमन्त्रीभन्दा धेरै खर्च गरेर बस्थे । त्यसलाई हामीले बिर्सिएका छौँ ।

**अहिले जिल्ला, गाविस र अञ्चल संरचना हटाएर सात प्रदेश र सात सय ५३ पालिकामा सीमित तुल्याइँदा खर्च बढ्यो कि घट्यो ?**
हिजो सङ्घीय गणतन्त्र ल्याउनका लागि लडेका नेताले आज गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताको विरोध गर्छ भने त्यो राजनीतिक बेइमानी हो । उसले स्वार्थको रोटी कुनै ढङ्गले सेक्न खोजेको अर्थ लाग्छ । सङ्घीय सरकारले प्रदेशलाई अधिकार नदिँदा काम कारबाहीमा समस्या उब्जेको छ । राजस्वको बाँडफाँटमा पनि न्याय भइरहेको छैन । बजेट विनियोजन र आर्थिक उन्नयनमा पनि समस्या खडा गरेको छ । वित्तीय सङ्घीयता उल्टो छ । उठेको राजस्वको ७० प्रतिशत केन्द्रले राख्छ, बाँकी ३० प्रतिशत प्रदेश र स्थानीय तहलाई वितरण गर्छ । संसारभरको अभ्यास भनेको सेना, परराष्ट्र र मुद्रा मात्रै केन्द्रीय सरकारले हेर्ने हो र बाँकी काम समन्वय गर्ने हो, शासन गर्ने होइन । शासन त प्रदेश र स्थानीय तहले गर्छ नि ! यहाँ उल्टो भयो, शासन सङ्घले गर्ने, प्रदेश र स्थानीय तहले समन्वय गर्नेजस्तो भयो । हामी पुल होइन, सरकार हो । यो भएमा मात्र प्रदेश र स्थानीय तहबीच समन्वय र सम्बन्ध विस्तार हुन्छ । सङ्घले खटाउञ्जेल स्थानीय तहले प्रदेशलाई टेर्दैन । प्रदेशमा जाने सचिव पनि आफैँले नियुक्ति र कार्य जिम्मेवारी दिन पाउनुपर्छ ।

**देशको प्राथमिकता र जनतामा देखिएको निराशाको पाटोलाई कसरी समीक्षा गर्नुहुन्छ ?**
राष्ट्रिय पुँजी निर्माणतर्फ अब सरकारको ध्यान केन्द्रित हुनुपर्छ । त्यसका लागि गणतन्त्रको जगमा टेकेर तीव्र आर्थिक, सांस्कृतिक र सामाजिक रुपान्तरणको ऐतिहासिक अभिभारा पूरा गर्न अघि बढ्नुपर्छ । विभिन्न राजनीतिक सोच भएका गठबन्धन सबैलाई मिलाएर जान सजिलो छैन, असजिलोका बीचबाट पनि राष्ट्रिय अर्थतन्त्र सुधार र पुँजीको विकास सकिन्छ । चुनौती भयो भनेर छुट पाइन्न । राजनीतिक स्थिरता र स्थायित्वसँगै अब सम्पूर्ण विकास र समृद्धितर्फ केन्द्रित गर्न सकिएन भने व्यवस्था, प्रणाली र उपलब्धिप्रति जनताले प्रश्न उठाउने र विरोध गर्दै जाने स्थिति बन्ने भएकाले त्यसतर्फ ध्यान केन्द्रित गरेर जानुपर्छ । विज्ञान, प्रविधि र सूचनाका क्षेत्रमा अभूतपूर्व क्रान्ति भएको छ । यसले संसारमा कुनै सिमाना राखेको छैन । यो क्रान्तसँगै मानिसलाई असन्तुष्टि र नकारात्मक चेत बढाउन सहयोग गरिरहेको छ । युवा पुस्तालाई श्रमप्रतिको सम्मान प्रदान गर्न सकिएन ।

**प्रदेशमा देखिएको राजनीतिक अस्थिरता र दलप्रतिको जनविश्वासबारे यहाँको धारणा के छ ?**
सङ्घीय लोकतान्त्रिक गणतन्त्र संसारभर अभ्यास गरिएका राज्य व्यवस्थामध्ये राम्रो भनिएको छ । कुनै पनि राज्यव्यवस्था शतप्रतिशत राम्रो वा नराम्रो भन्ने हुन्न । यहाँ सबैले प्रतिस्पर्धा, मतदान र उम्मेदवार बन्न पाउँछन् । वाक र प्रेस स्वतन्त्रतासँगै मानवअधिकार सुनिश्चित छ । लोकतन्त्रमा गलत मानिस पनि एकपटक छनोट हुनसक्छ, लोकतन्त्रले नै अर्कोपटक उसलाई बिदाइ गर्छ । लोकतन्त्रको सुन्दरता भनेकै यही हो । प्रदेश सरकार निर्माणमा देखिएको अस्थिरता भनेको केन्द्रको हस्तक्षेप हो । हामी सङ्घीय प्रणालीमा छौँ, प्रदेश स्वतन्त्र होइन् तर स्वायत्त हुन् । आफ्नो निर्णय आफैँ गर्न सक्छ । दलको अध्यक्षले केन्द्रमा बसेर पालिका अध्यक्षको टिकट यहीँबाटै निर्धारण गर्छ । त्यो ठिक होइन, केन्द्रले समग्र नीतिमात्रै बनाउने हो नि । कोशी प्रदेशको समस्या ठूलो थिएन, उनीहरूलाई नै अधिकार दिएको भए आफ्नै बलबुता, अनुभव र क्षमताले समाधान गर्थे । केन्द्रले तानातान गर्दा जताततै जुइना खुस्कियो ।

**पछिल्लो समय पार्टी एकीकरणको अभ्यास अघि बढेको विषय सार्वजनिक भएको थियो, त्यसको प्रगति कहाँ पुग्यो नि ?**
नेकपा (माओवादी केन्द्र) देशमा रहेका राजनीतिक पार्टीमा सिद्धान्त, मुद्दा र विचारका हिसाबले सबैभन्दा नजिक रहेकाले हामी अलग–अलग बसेर भन्दा एकै ठाउँमा मिलेर एकताबद्ध भएर जाऔँ भन्ने हाम्रो सोच हो । माओवादीहरू एक ठाउँमा आएर मात्रै पनि पुग्दैन । पार्टीको विचार मिल्नेसँग एकता गरेर जाने, विचार र राजनीति केही मिलेको छ, तर पूरा मिलेको छैन भने मिलेका जति एउटा ठाउँमा बस्न मोर्चा बनाएर जानुपर्छ । त्यसका लागि बैठकले पार्टी एकता÷धुरवीकरण गर्न पार्टी अध्यक्षको संयोजकत्वमा संयोजन समिति बनाएका छौँ । यसले एकताको लागि केन्द्रसँग वार्ता र छलफल अघि बढाउँछ । सँगसँगै ध्रुवीकरण गर्न अरु समाजवादी शक्ति छलफल चलाउँदै अघि बढ्छ ।

**मुलुकमा राजनीतिक अस्थिरता अन्त्य गर्दै युवालाई देशमै भविष्य देखाउन तपाईंहरूजस्ता नेताको केही योजना छ कि ?**
एउटा व्यक्ति विशेषको हिम्मत र पहलमा सिङ्गापुर, मलेसियालगायत दुईदेखि तीन दशकभित्र विकासको शिखरमा पुगेका देश थुप्रै छन् । नेपालमा पनि जुन प्राकृतिक स्रोत र साधन छन्, राजनीति स्थियित्वसँगै यी कुरालाई अघि बढाउन सक्दा निराश हुने र छटपटाउनुपर्ने अवस्था होइन । देश बन्दैन भनेर विदेशिनपर्ने अवस्था छैन र होइन पनि ।

राज्यको पुनःसंरचना, शासकीयस्वरुप र निर्वाचन प्रणालीसहितको संरचनामा थप काम गर्नुपर्छ । देशले दूरदर्शी नेताको खोजी गरिरहेको छ, त्यो घटनाक्रमसँगै आउने विषय हो । वैचारिक र राजनीतिक तथा कार्यक्रमका हिसाबले पनि स्पष्टतासहितको प्रतिबद्धताका साथ अघि बढ्दा समृद्धि हाम्रै पालामा सम्भव छ । म त्यो देख्छु ।



# आकर्षक मूल्यमा बिक्री हुँदै अगौटे सुन्तला



**चितवन ।**
चितवनको पहाडी क्षेत्र इच्छाकामना गाउँपालिकामा उत्पादन भएको सुन्तलाले आकर्षक मूल्य पाउन थालेको छ । उचित मूल्य पाउन थालेपछि किसान उत्साहित भएका छन् । सुन्तला पर्याप्त उत्पादन हुने यस क्षेत्रका किसानले सुरुआतमै अगौटेबाट राम्रो आम्दानी लिन सफल भएका छन् ।
इच्छाकामना गाउँपालिका–५ का रामप्रसाद बोहोरा अघिल्ला वर्षको तुलनामा अहिले सुन्तलाले उचित मूल्य पाएको बताउँछन् ।
उनले अहिले सुन्तलाको होलसेल मूल्य प्रतिकिलो ९० रुपैयाँ सम्म परेको बताए । बोहराले भने, 'कम उत्पादन भए पनि मूल्य राम्रै पाएका छौँ ।'
बोहोराले दुई बिघा क्षेत्रफलमा सुन्तला खेती गर्दै आएका छन् । वैदेशिक रोजगारमा गएर राम्रो नभएपछि तीन महिनामा नेपाल फर्किएका ३३ वर्षीय उनी सुन्तलाबाट विदेशको भन्दा राम्रो कमाइ भएको बताउँछन् । बुबाको पालादेखि आफ्नो घरका लागि मात्रै सुन्तला खेती गरिएको भए पनि विस्तारै यसलाई व्यावसायिक गर्दै जाँदा अहिले आम्दानीको मुख्य स्रोत नै सुन्तला खेती भएको उनले बताए ।
बोहोराले भने, 'अहिले सुन्तलाको मूल्यबाट सन्तुष्ट छु । अन्य साथीहरु पनि सन्तुष्ट हुनुहुन्छ ।' अझै सुन्तलाको मूल्य बढ्नेमा उनी विश्वस्त छन् । विगत वर्षहरुमा यति बेला प्रतिकिलो ७० रुपैयाँ हाराहारीमा सुन्तला बिक्री हुने गरेको थियो । सुन्तलाले उचित मूल्य पाउँदा इच्छाकामना गाउँपालिकाका किसान हर्षित छन् । इच्छाकामना–३ माझगाउँका सीताराम गुरुङले चार बिघा क्षेत्रफलमा सुन्तला खेती गर्दै आएका छन् ।
उनले अहिले उत्पादन भएको सुन्तलाले बजार मूल्य राम्रो पाएको भन्दै यही मूल्य कामय रहे यस वर्ष राम्रो आम्दानी लिन सकिने बताए ।
उनले भने, 'अहिले होलसेल मूल्य नै प्रतिकिलो ९० देखि १०० रुपैयाँसम्म परेको छ । यो बढ्दै जाने देखिन्छ ।'
बजार भाउ स्थिर रहन नसक्ने भएकाले अहिलेको मूल्यबाट घटवढ हुनसक्ने भन्दै उनले बजारको व्यवस्था गर्न सके व्यावसायिक सुन्तला खेती गर्ने किसानले राम्रो आम्दानी लिन सक्ने बताए । गुरुङले भने, 'अहिले थोरै उत्पादन भएको छ । त्यही कारणले मूल्य पाउन सकेको हो । २४ वर्षको उमेरदेखि सुन्तला खेती गर्दै आएको अनुभव सुनाउँदै ६० वर्षीय गुरुङले अगौटे सुन्तलाले राम्रो मूल्य पाएको बताए । आफू सुन्तला खेतीबाट सन्तुष्ट रहेको उनले बताए । उनले वार्षिक चारदेखि पाँच लाख रुपैयाँसम्मको सुन्ताल बेच्दै आएका छन् । इच्छाकामना गाउँपालिकाको कृषि विकास शाखा प्रमुख आशिष त्रिपाठी अहिले बजारमा आएको सुन्तलालाई बजारको अभाब नभएको बताउँछन् ।
उनले भने, 'बजारको अभाव पनि छैन र सुन्तालाले राम्रो मूल्य पनि पाएको छ ।' केही किसानले ठेकेदारमार्फत सुन्तला बजारमा ल्याउने हुँदा मूल्य पाए पनि पैसा नपाउने समस्या भएको भन्दै उनले यो समस्या समाधानका लागि शाखाले सहकार्य गर्ने प्रयास गरिरहेको बताए । यस पालिकामा ३५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिँदै आइएको छ । जहाँ वार्षिक तीन सय मेट्रिक टन सुन्तला उत्पादन हुँदै आएको छ ।
जिल्लाको इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिका–२९ को पहाडी क्षेत्रमा सुन्तला खेती गरिँदै आइएको छ ।

# कृषि कर्मबाटै चिनिएका गुप्तप्रसाद

**रासस**
**नवलपुर ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट–११ का गुप्तप्रसाद रेग्मी पहिलो स्थानीय तह निर्वाचन, २०७४ मा वडासदस्य निर्वाचित भए । त्यसपछि उनले राजनीतिमा मन लगाएनन् । रेग्मीको मन वैदेशीक रोजगारतर्फ मोडियो । उता पनि खासै जम्न नसकेपछि उनी स्वदेश नै फर्किए । रेग्मी अहिले व्यावसायिक किसानको रुपमा स्थापित भएका छन् । वडा सदस्य रहँदै गर्दा २०७५ मा गैँडाकोट–१८ बसेनीमा केही जग्गा लिएर फलफूल खेत सुरु गरेका उनले टीकारत्न टुल्की कृषि फार्म दर्ता गरे । रेग्मी व्यावसायिक किसान बन्नुका पछाडि उनले विदेशमा देखेसिकेको कुरा नै मुख्य हो । 'दुईपटक कतार गएँ, त्यहाँ पुग्दा एभोकाडो खाए । तर, त्यसको स्वाद पाइनँ', रेग्मीले भने, 'त्यसपछि अष्ट्रेलिया गएँ, त्यहाँ पुग्दा छोरीहरुबाट एभोकाडोको बारेमा र गुणको बारेमा जान्ने अवसर पाएँ ।' एभोकाडो चिसो ठाउँमा हुन्छ भन्ने थाहा पाएपछि नेपाल फर्किएर गैँडाकोट–१८ मा जग्गा किनेको रेग्मीले सुनाए । 'चिसो हावापानी भएको ठाउँ हो, १३ रोपनी १४ आना जग्गा खरिद गरेँ ।', उनले भने ।'

**दश बोट सुन्तलाबाट पन्ध्र सय**

विसं २०७५ मा १० बोट सुन्तला लगाएका रेग्मीको फार्ममा अहिले १५ सय सुन्तलाका बोट छन् । उनले फलफूल खेती गर्न सुरु गर्दा जिल्लामा उन्नत जातका कागती र सुन्तलाका बिरुवा पाइँदैन्थ्यो । धनकुटाको पारी पाल्ले पुगेर कागतीको बिरुवा लिएर आएको भन्दै रेग्मीले कागतीको बिरुवासँगै १० ठूला सुन्तलाको बिरुवा पनि लिएर आएको अनुभव सुनाए । 'सुरुमा १० सुन्तला र चार सय कागतीबाट फलफूल खेती सुरु गरेँ', उनले भने, 'विसं २०७६ बाट सुन्तला थप्न सुरु गरिएको हो, अहिले डाँडाभरि सुन्तला छन् ।' अहिले रेग्मीको फार्ममा सुन्तलाको एक हजार पाँच सय बोटबिरुवा, कागतीका नौ सय, निबुवाका तीन सय, मौसमका दुई सय, किन्नुका (माघको अन्तिमतिर पाक्ने फलफूज प्रजाति) एक सय, आँखे टिमुरका एक सय, लप्सीका ६० बोटबिरुवाका साथै स्याउ, किबी, आँप, लिची र एभोकाडोसहितका फलफूलका बोटबिरुवा छन् । उनको फार्ममा सुरुआती समयबाट अहिलेसम्म सबै गरी दुई करोड ५० लाख रुपैयाँ बढी लगानी भइसकेको बताए ।



**आम्दानी लिन सुरु**

रेग्मीले फार्ममा लगाएका फलफूलका बोटबिरुवाले गत वर्षदेखि आम्दानी दिन सुरु गरेका छन् । 'गत वर्ष फलफूल बिक्रीबाट दुई लाख रुपैयाँ जति आम्दानी गरेकामा अहिले १० लाख रुपैयाँ जति आम्दानी होला', उनले भने, 'अझै केही फलफूल टिप्न बाँकी छन्', फलफूलका बिरुवाबाट अर्को साल २० लाख रुपैयाँ भन्दा बढीको आम्दानी हुने अपेक्षा गरेको भन्दै रेग्मीले भने, 'अब फलफूलबाट हुने आम्दानी बढ्दै जान्छ ।' यस वर्ष सुन्तलाको चार सय बोटबाट मात्रै आम्दानी भएको भन्दै उनले आगामी वर्षबाट करिब एक हजार सुन्तलाको बोटले आम्दानी दिन सुरु गर्ने बताए । 'अब करिब पाँच सय बोट कागतीले आम्दानी दिन सुरु गर्ला कागतीले पनि अहिलेको भन्दा दोब्बर आम्दानी हुन्छ', उनले भने । यस वर्ष सुन्तला, कागती, निबुवा, टिमुरलगायतका बोटबाट आम्दानी लिन सुरु भएको छ ।

**फलफूल खेतीको क्षेत्रफल विस्तार**

रेग्मीले पाँच वर्ष अगाडि १३ रोपनी १४ आना जग्गाबाट सुरु गरेका फलफूल खेतीको क्षेत्रफल गर्दै अहिले ८२ रोपनी क्षेत्रफलमा फलफूल खेती गरेका छन् । उनले सुरुमा ५० हजार प्रतिरोपनीका दरले जग्गा किनेको बताए । जग्गा किनेर पास गरेपछि मात्रै यस ठाउँमा आएको भन्दै उनले भने, 'जग्गा किनेपछि यहाँ आउनका लागि राम्रो सडक थिएन । खाल्डाखुल्डी भएका सडक पार गरेर आउनुपर्ने थियो ।' सार्वजनिक सवारीसाधन ठाउँठाउँमा धकेल्दै आउने गरेको भन्दै अहिले बाटो सहज हुँदा आउजाउ गर्न सजिलो भएको रेग्मीले बताए । 'बाटो अलि सहज भएपछि मैले कार बेचेर पिकअप किनेँ, यो पिकअपबाट आउनजान सहज भएको छ', उनले भने । उनले १३ रोपनीमा मात्रै फलफूल खेती गरेर मन नमानेपछि विस्तारै जग्गा थप गर्दै लगेको सुनाए । पछि थप गरेको जग्गा ८० हजारदेखि तीन लाख रुपैयाँ प्रतिरोपनीसम्मका दरले खरिद गरेको बताउँदै उनले फलफूल खेतीबाट सन्तुष्ट भएको बताए । 'फलफूल खेतीबाट निकै सन्तुष्ट छु, अब मेरो फलफूल खेती यहाँभन्दा विस्तार गर्दिनँ', उनले भने, 'फलफूल खेतीले मेरो उमेर १० वर्ष बढाएको छ जस्तो लाग्छ ।' गाउँमा पानीको समस्या भएका कारण रेग्मीले पाँच सय मिटर तल खोलाबाट लिफ्टिङ गरेर माथी पानी तानेका छन् । 'जेनेरेटरबाट बिजुली निकाली पम्पबाट लिफ्टिङ गरेर पानी तानेर थोपा सिँचाइ गरेको छु', उनले भने, 'लिफ्टिङ गरेर माथी तानेको पानी जम्मा गर्न एक लाख २५ हजार लिटरको ट्याङ्की निर्माण गरेको छु ।' सबै ठाउँमा पानी पुग्ने गरी ब्लक निर्माण गरेर थोपा सिँचाइमार्फत फलफूलका बोटबिरुवा सिँचाइ गर्दै आएको उनको भनाइ छ । रेग्मीले फलफूल खेती सुरु गरेपछि सरकारी निकायबाट अनुदानसमेत पाएका छन् । उनलाई सुन्तला जोनबाट लिफ्टिङका लागि चार लाख १५ हजार रुपैयाँ प्राप्त भएको बताए । त्यस्तै सुन्तला जोनबाटै लिफ्टिङ गरेको पानी जम्मा गर्नका लागि ट्याङ्की निर्माण गर्न दुई लाख रुपैयाँ अनुदान पाएको उनले बताए । कृषि ज्ञान केन्द्र तनहुँ (नवलपुरमा कृषि ज्ञान केन्द्र स्थापना भएको थिएन) बाट १३ रोपनीमा थोपा सिँचाइका लागि ५० प्रतिशत अनुदानमा दुई लाख ५० हजार रुपैयाँ पाएको बताए । जग्गा विस्तारपछि बाँकी जमिनमा सिँचाइ गर्न थोपा सिँचाइका लागि सुन्तला जोनबाट ८५ प्रतिशत अनुदान पाएको उनको भनाइ छ । फलफूलका बिरुवामा ५० प्रतिशत अनुदान, औषधि छर्ने ट्याङ्की तथा औजारमा ५० प्रतिशत अनुदान पाएको रेग्मीले बताए ।

# होन्डाले यो दशक दुईपाङ्ग्रे विद्युतीय सवारीमा लगानी गर्ने

**एएफपी**
**टोक्यो ।**
जापानी अटो कम्पनी होन्डाले यो दशकमा विद्युतीय मोटरसाइकल र मोपेडको उत्पादनमा पाँच सय अर्ब येन (तीन अर्ब ४० करोड अमेरिकी डलर) लगानी गर्ने योजना बताएको छ । विश्वको सबैभन्दा ठूलो दुईपाङ्ग्रे सवारी निर्माता उक्त कम्पनीले सन् २०३० सम्ममा ३० नयाँ विद्युतीय मोडेल लन्च गर्ने र विद्युतीय मोटरसाइकलहरूको विद्यमान लागतलाई ५० प्रतिशतले कम गर्ने योजना बनाएको पनि जानकारी दिएको छ । 'आफ्ना मोटरसाइकलहरूको विद्युतीकरणका लागि होन्डाले सन् २०२१ देखि सन् २०२५ सम्मको अवधिमा एक सय अर्ब येन लगानी गरिरहेको छ र सन् २०२६ देखि सन् २०३० सम्मको पाँच वर्षको अवधिमा थप चार सय अर्ब येन लगानी गर्नेछ', होन्डाले बुधबार एक विज्ञप्तिमा भनेको छ । कम्पनीले सन् २०३० का लागि उसको विश्वव्यापी वार्षिक बिक्री लक्ष्यलाई पनि बढाएर ४० लाख एकाइ बनाएको छ । यो अघिल्लो वर्षको घोषित ३५ लाख एकाइभन्दा बढी हो ।



प्रारम्भमा आन्तरिक प्रज्वलनशील इन्जिन मोडेलका लागि आफ्नो विद्यमान पूर्वाधार संरचनाको उपयोग गर्ने तर सन् २०२७ देखि समर्पित विद्युतीय मोटरसाइकल उत्पादन संयन्त्र सुरु गर्ने पनि विज्ञप्तिमा उल्लेख छ । ग्यान्ड भ्यू रिसर्चका अनुसार विश्वव्यापी विद्युतीय मोटरसाइकल बजार सन् २०२२ मा ३० अर्ब डलरको थियो । आंशिकरूपमा इन्धनको लागत र जलवायु परिवर्तनका बारेमा सार्वजनिक चिन्ताका कारण सन् २०२३ र सन् २०३० को बीच यसको बजार प्रतिवर्ष १९ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

# केपी ओली कपको फाइनलमा मधेश

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई हराउँदै मधेस प्रदेश केपी ओली कप टी–२० क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ ।
बिहीवार भएको खेलमा मधेसले एपीएफलाई ११ रनले पराजित गर्यो ।
मधेसले दिएको १ सय ९८ रनको लक्ष्य पछ्याएको एपीएफले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ८६ रनमात्र सिमित भयो । एपीएफका कप्तान प्रदीप ऐरीले सर्वाधिक ५५ रन बनाए । यस्तै सन्दीप जोराले ५४ र लोकेश बमले ३२ रन जोडे ।
बलिङतर्फ मधेसका विशाल पटेलले ३ तथा हरिशङ्कर शाह र प्रदिप पासवानले समान २ विकेट लिए । यसअघि पोखरा रङ्गशालामा टस जितेर ब्याटिङ गरेको मधेसले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ९७ रन बनायो । मधेसका अनिल साह र इमरान शेखले अर्धशतकीय पारी खेले । अनिलले ५७ र इमरानले ५० रन जोडे । यस्तै पवन सर्राफले ३३ र रुपेश सिंहले २१ रन बनाए ।
बलिङतर्फ एपीएफका मौसम ढकालले ३ र अमर रौटेलाले २ विकेट लिए । अब मधेसले फाइनलमा आज त्रिभुवन आर्मी क्लबसँग खेल्नेछ । यसअघि बिहीबार नै भएको पहिलो सेमिफाइनलमा बाग्मती प्रदेशलाई हराउँदै आर्मी फाइनलमा पुगेको हो ।



# आलुखेतीः निर्वाहमुखीबाट व्यावसायिकतातर्फ

**रासस**
**गण्डकी ।**
झण्डै साढे तीन दशक अघिसम्म हिमाली क्षेत्रमा लगाइने आलुखेती अहिले पहाडी क्षेत्रमा व्यावसायिक रुप लिँदै गएको छ । २०४५÷४६ सालतिर मुस्ताङको लेतेबाट ल्याइएको वर्षे सेतो आलु र कास्कीको घान्द्रुक र छोम्रोङबाट ल्याइएको रातो डल्ले आलुको बीउबाट कास्कीको हेम्जामा खेती सुरु गरिएकामा पछिल्ला वर्षमा जिल्लाका विभिन्न क्षेत्रमा विस्तार भएको हो । सुरुमा हेम्जामा व्यवसायिक आलुखेती थालिएकामा पछिल्लो दशक महेन्द्रगुफा, अर्मला, कुडहर हुँदै लेखनाथ क्षेत्रका गगनगौँडा, मालमूल, बेलबुटे, राजाचौतारा, बागमारालगायत स्थानमा विस्तार भएको हो । पोखरा महानगरपालिका–३२ को तल्लो गगनगाँ◌ैडा, बेलबुटे, मालमूलका साथै यी स्थानसँग सिमा जोडिएको तनहुँको शुक्लागण्डकी नगरपालिका–१ सेराबेँसीलगायत स्थानमा आलु खेतीतर्फ आकर्षण बढ्दै गएको किसान बताउँछन् ।
स्थानीयवासीका अनुसार २०४५÷४६ सालदेखि हेम्जामा केही मात्रामा आलुखेती विस्तार भई २०५४÷५५ सालयता क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले बाह्य अनुसन्धान स्थल स्थापना गरेपछि यो ठाउँ आलुखेतीका लागि प्रसिद्ध बन्दै गएको हो । हेम्जामा आलुखेतीको बढ्दो विस्तारसँगै यसको विशिष्टिकृत पहिचानमा सहयोग पु¥याउने लक्ष्यका साथ एक दशकयता उक्त स्थानमा बर्सेनी आलु महोत्सवसमेत गर्दै आइएको छ ।
'सुन्दर ठाउँ हेम्जा जाउँ, आलुका स्वादिष्ट परिकार खाउ, आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ गर्दै आइएको महोत्सव यहाँको विशिष्ट पहिचान बनेको छ । विसं २०६६ फागुनमा पहिलो पटक एक दिवसीय 'प्रथम आलु महोत्सव' गरिएयता लगातार महोत्सव गरिँदै



आइएको हेम्जा हाइटेकका सञ्चालक रामचन्द्र त्रिपाठीले जानकारी दिए । आलु खेतीको विस्तार हुँदै जाँदा नार्कअन्तर्गत क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले यस गाउँलाई औपचारिक रूपमा नै आलु गाउँका रूपमा परिचित गराएको थियो । उनका अनुसार पछिल्लो समयमा यहाँका अधिकांश किसान आलुखेतीतर्फ आकर्षित बनेका छन् । आलुमा पहिचान नै बनाएको हेम्जामा खानेसँगै बीउ आलुको लागि पनि किसान आकर्षित बन्दै गएका त्रिपाठीले बताए । हेम्जा हाइटेकमार्फत बीउ उत्पादन थालिएको बताउँदै उनले अघिल्लो वर्ष पाँच हजार किलो बीउ उत्पादन गरिएको जानकारी दिए । यस वर्ष १० हजार किलो बीउ उत्पादन गर्ने गरी करिब १६ रो◌ेपनी क्षेत्रफलमा आलु लगाइएको उनको भनाइ थियो । उत्पादित बीउ महानगरपालिकाले जिम्मा लिएर किसानलाई ५० प्रतिशत अनुदानमा वितरण गरिरहेको छ । पछिल्ला समयमा लेखनाथ क्षेत्रमा आलु खेतीतर्फ किसान आकर्षित बन्दै गएको ढलेपिपल ताजा तरकारी किसान समूह पोखरा–२६ का अध्यक्ष धर्मदत्त पौडेलले बताए ।
समूहमार्फत पाँच वर्षयता आलुको बीउ उत्पादन गरिरहेको भन्दै उनले अघिल्लो वर्ष १३ हजार किलो बीउ उत्पादन गरिएको जानकारी दिए । 'समूहमा ३२ किसान आवद्ध भए पनि आलुको बीउ उत्पादनमा छ जना लागेका छौँ', पौडेलले भने, 'हाल एमएस ४२ जातको आलु लगाइएको छ । यसवर्ष थप ३० रोपनी क्षेत्रफलमा प्रशोधनयोग्य जनकदेव जातको आलुको खेती पनि थालेका छौँ ।' समूहगत रूपमा महेन्द्र गुफा किसान समूहले पनि आलुको बीउ उत्पादन गरिरहेको छ । समूहले पाँच रोपनी क्षेत्रफलमा आलुखेती गरेकामा गतवर्ष दुई हजार एक सय किलो बीउ उत्पादन गरेको समूहका पूर्व अध्यक्ष निर्मला बस्नेतले बताइन् । उनका अनुसार गतवर्ष बीउ बिक्रीबाट मात्रै समूहले एक लाख २७ हजार रुपैयाँ आम्दानी गरेको थियो । व्यावसायिक आलुखेतीमा सर्वसाधारणको आकर्षण बढेसँगै पोखरा महानगरले यसको व्यावसायिक खेतीमा जोड दिँदै आएको महानगरका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताए । उनका अनुसार जिल्लामा एमएस ४२, कुफ्रज्योति, खुमललक्ष्मी, जनकदेव, खुमल सेतो र डेजिरे जातका आलु लगाउने गरिएको छ । पछिल्ला वर्षमा एमएस ४२ जातको आलु अत्याधिक लगाउन थालिएको उनको भनाइ थियो । कास्कीका हेम्जालगायत स्थानमा आलुको उत्पादकत्वप्रति हेक्टर १८ देखि २० टनसम्म हुने गरेको कडरियाले जानकारी दिए । उनले हेम्जामा लगभग चार सयदेखि चार सय २५ हेक्टर क्षेत्रफलमा खेती गरिएको भन्दै आलु उत्पादनबाट मात्रै वार्षिक २० देखि २१ करोड रुपैयाँसम्मको कारोबार हुने गरेको जानकारी दिए । कृषि महाशाखा प्रमुख कडरियाका अनुसार नेपालमा वार्षिक एक लाख ९५ हजार दुई सय ६८ हेक्टर क्षेत्रफलमा लगाइएको आलुको उत्पादन २७ लाख ३० हजार दुई सय ९४ मेट्रिक टन हुने गरेको छ । उनका अनुसार प्रतिहेक्टर उत्पादकत्व १२.४ मेट्रिक टन रहेको छ । पोखरा महानगरले आलु खेती विस्तारमा जोड दिँदै बीउमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको कडरियाले जानकारी दिए । आलुको बीउ प्रतिकिलो ७० रुपैयाँ कायम गरी महानगरपालिकाले ५० प्रतिशत अनुदानमा उपलब्ध गराउँदै आएको उनले बताए ।

# लोसपा धनुषा गठन र कार्यविभाजन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल धनुषाको जिल्ला कार्यसमितिमा कार्यविभाजन भएको छ ।
पार्टीको अन्तरिम विधानअनुसार जिल्ला समिति धनुषा निम्न अनुसार गठन र पदाधिकारीको कार्यविभाजन भएको हो ।
पार्टीमा शम्भुनाथ झा ‘निर्दोषी’, झपसी मण्डल र उपेन्द्र चोरवार यादव उपाध्यक्ष भएका छन् । यस्तै, सचिवमा राज कुमार साह ‘राजु’, विन्द किशोर साह ‘किशोर’ चयन भएका छन् भने सहसचिवमा लक्ष्मण प्रसाद यादव, राम नारायण साह र राज कुमार चौधरी छन् । कोषाध्यक्षमा आशा यादव, प्रवक्तामा सन्तोष सरबरियाले जिम्मेवारी पाएका छन् ।
सदस्यहरुमा ईन्दु सिंह, जगदिश रविदास, देव नारायण महतो, ईस्लाम कवाडी, पुजन मौवार, उदय कुमार सिंह, बसन्त ठाकुर, गंगाबति देवी राउत रहेका छन् । यस्तै, सदस्यहरुमा प्रदिप कुमार चौधरी, राम सेवक महतो, शेखर ठाकुर, अरविन्द कुमार झा, सन्तोष साह, राम अशिष पजियार, ज्योति साह, रेणु यादव, चन्द्रेश्वर साह, रामचन्द्र साह, राम सेवक मण्डल, विमलेश मिश्र, विनोद साह, सिताराम ठाकुर बरही, ताहिर मियाँ, कैलाश साह, रामचन्द्र यादव, प्रमिला मण्डल, राज कुमारी साह, सिता देवी पुर्बे, ललन यादवलगायतका चयन भएका छन् ।

# नेपाली क्रिकेटलाई सहयोग हुन्छः उपमुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारत, महाराष्ट्र प्रदेशका उपमुख्यमन्त्री देवेन्द्र फडणबीसले नेपाली क्रिकेटको विकासमा आवश्यक सहयोग गर्न तयार रहेको बताएका छन् । स्वतन्त्र युवा प्रजातान्त्रिक संघको संयोजनमा भारत भ्रमणमा रहेका नेपाली पत्रकारको प्रतिनिधि मण्डलसँगको भेटमा उनले नेपाली क्रिकेटरलाई मुम्बइमा प्रशिक्षण, व्यावसायिक क्रिकेटमा अवसर दिन सकिने बताए ।
‘नेपाल क्रिकेट संघ (क्यान)ले उपयुक्त प्रस्ताव ल्याए क्रिकेटमा दुईपक्षीय प्रतिस्पर्धा गर्न सकिन्छ,’ उनले भने, ‘मुम्बई क्रिकेट बोर्डसँग समन्वय गरेर नेपाली खेलाडीको क्षमता विस्तारमा काम गर्न तयार नै छौँ ।’ नेपाली पत्रकारले छलफलक्रममा नेपाल भारत सम्बन्ध, मुम्बइमा रहेका नेपाली श्रमिकका अवस्था लगायतका विषयमा चासो राखेका थिए । नेपाली पत्रकारले उठाएको विषयमा उपमुख्यमन्त्री फडणबीसले सकारात्मक रुपमा लिँदै आफ्नो प्रदेश नेपालका संघ र प्रदेश सरकारसँग सम्बन्ध बनाएर अगाडि बढ्ने तयारीमा रहेको बताए । उनले काठमाडौँ, जनकपुरधाम आउजाउ भइरहेको र शिक्षाक्षेत्रमा दिइने छात्रवृत्ति वृद्धि गर्ने प्रयाससँगै नेपालसँग सधैँ भावनात्मक सम्बन्ध रहने बताए ।

# सटरभाडा वैज्ञानिकरुपमा निर्धारण माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उद्योग वाणिज्य सङ्घले जनकपुरधाम उपमहानगरपालिका नगरभित्रका व्यवसायी प्रतिष्ठान रहेको सर्टरको भाडा वैज्ञानिक रूपमा निर्धारण गर्न माग गरेको छ ।
संघका कार्यबाहक अध्यक्ष मनिष रमण साहको नेतृत्वमा व्यापारीहरूले जनकपुरधामका नगरप्रमुख मनोज कुमार साहलाई बिहीबार ज्ञापन पत्र बुझाउँदै वैज्ञानिक भाडा दर निर्धारणको माग गरे ।
व्यापारीहरू चौतर्फी मारमा परेका बेला चर्को घरभाडा र घर धनीले एडभान्स लिने गरेकाले वैज्ञानिक रूपमा भाडा निर्धारण गर्न माग गर्दै ज्ञापन पत्र बुझाइएको कार्यबाहक अध्यक्ष साहले जानकारी दिए ।
जनकपुरधामको सडक चौडाइ गर्नेक्रममा व्यावसायिक प्रतिष्ठान रहेका घर टुटफुट हुँदा वर्षभर नै व्यवसाय चौपट भएको पनि ज्ञापनपत्रमा उल्लेख छ ।
‘कोभिड महामारी, आर्थिक मन्दी र बढेको बैङ्क ब्याज दरले असर परेकाले सम्पूर्ण व्यवसाय र व्यवसायीलाई ठूलो मार परेको छ,’ संघले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।
व्यावसायिक प्रतिष्ठानका निम्ति एडभान्सबापत बुझाउनु पर्ने मोटो रकम र चर्को घर भाडाले व्यवसायी आर्थिक मारमा परेकाले नगरभित्रका व्यवसायी प्रतिष्ठान रहेका बजार र सडकको वैज्ञानिक रूपमा भाडा निर्धारण गर्न संघले पहल गरेको हो ।
जनकपुरधामका कतिपय सटर व्यापारीहरूले आर्थिक मन्दीका कारणले खाली गरेका छन् । चर्को भाडाका कारणले व्यापारीले सटर खाली गरेका हुन् ।

# किशोरी घरमै मृत फेला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम किशोरी घरमै मृत फेला परेकी छन् ।
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ बिन्धीस्थित घरमा अमरेश सिंहकी १७ वर्षीया छोरी मृत भेटिएकी हुन् ।
परिवारजनले झुण्डिएको अवस्थामा देखेपछि उनलाई उपचारका लागि प्रादेशिक अस्पताल लैजाँदै गर्दा चिकित्सकले मृत घोषित गरेको बताइएको छ । यता, छिमेकीहरुले किशोरी झुण्डिने प्रकृतिको नदेखिएको भन्दै हत्याको आशंका गरेका छन् ।
घटनास्थलको प्रकृतिसमेत शंकास्पद देखिएको भन्दै हत्या गरी झुण्डियाइएको हुन सक्ने शंका गरिएको छ ।
जिल्ला प्रहरी कार्यालय धनुषाले परिवारजनलाई उद्दत गर्दै झुण्डिएको अवस्थामा देखेपछि तल झारी उपचारको लागि अस्पताल लैजाने क्रममा मृत्यु जनाएको छ ।

# रास्वपाले विधान संशोधन गर्ने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विधान संशोधन गर्ने भएको छ ।
केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले पार्टी विधान संशोधन गर्ने निर्णय गरेको महामन्त्री मुकुल ढकालले जानकारी दिए ।
विधान संशोधनका लागि महामन्त्री ढकालको संयोजकत्वमा सात सदस्यीय विधान संशोधन सिफारिस कार्यदल बनाइएको छ ।
केन्द्रीय सहमहामन्त्री कविन्द्र बुर्लाकोटी, केन्द्रीय सदस्यहरु सोविता गौतम, डा. तोसिमा कार्की, क्रान्तिशिखा धिताल, गणेश कार्की र वरिष्ठ अधिवक्ता नारायण घिमिरे समितिमा सदस्य छन् ।
केन्द्रीय समिति र संसदीय दलको बैठकले सांसद स्वतः केन्द्रीय सदस्य हुने निर्णय गरेको छ ।
पार्टी विधानमा भने स्वतः केन्द्रीय सदस्य हुने व्यवस्था छैन । पार्टीले गरेका सबै निर्णय विधानबमोजिम हुने गरी विधान संशोधन गरिने महामन्त्री ढकालले जानकारी दिए ।

# पाएनन् सर्लाहीका किसानले उखुको भाउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्लाहीका उखु उत्पादक किसान उखुको मूल्य निर्धारण नहुँदा सस्तोमा सक्खर उद्योगलाई उखु बेच्न थालेका छन् । उखु मिलले समयमै भुक्तानी नदिएपछि उखु उत्पादक किसान सस्तो मूल्यमा सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका हुन् ।
जिल्लाका उखु मिलमध्ये हरिवन नगरपालिका–११ स्थित रहेको इन्दुशङ्कर चिनी उद्योगबाहेक अन्नपूर्ण र महालक्ष्मी सुगर मिलले समयमै उखु उत्पादक किसानको भुक्तानी गरेको छैन । यसबाट समस्यामा परेको जिल्लाका उखु उत्पादक किसानले उत्पादन गरेको उखु सस्तोमा सक्खर उद्योगलाई बेच्न थालेका हुन् । चिनी मिल पनि समयमा सञ्चालन नहुने र उखु बेचेको लामो समयसम्म पनि भुक्तानी नपाउने चिन्तामा रहेका जिल्लाका उखु उत्पादक किसान स्थानीय सक्खर उद्योगलाई आफूले उत्पादन गरेको उखु सस्तैमा भए पनि समयमै बेच्दा खाली भएको जमिनमा मुसुरो, गहुँ र धनियाँ लागाउन पाइने भएकाले पनि हतारमा देखिएका छन् ।
उखु मिलमध्ये हरिवनमा रहेको इन्दुशङ्कर चिनी उद्योग मङ्सिर २२ गतेबाट सञ्चालन गर्ने तयारी भए पनि अन्नपूर्ण र महालक्ष्मी सुगर मिल कहिले सञ्चालन हुन्छन् भन्ने पत्तो छैन । जिल्लाका उखु उत्पादक किसानले समयमै आफ्नो खेत खाली हुँदा अन्य बाली लगाउन पाउने भएकाले पनि सस्तोमा सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार मैनालीले जानकारी दिए ।
उनका अनुसार सरकारले चालु सिजनको उखुको मूल्य निर्धारण गरेको छैन । उनले चिनी मिल समयमै सञ्चालन नहुने चिन्तामा रहेका जिल्लाका उखु उत्पादक किसान उखु समयमै बेच्न नपाउने र बेचेको उखुको पनि समयमै भुक्तानी नपाउने चिन्तामा रहेको बताए ।
नेपाल उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनी मैनालीले सुगर मिल कहिले सञ्चालनमा आउँछन् र गत वर्ष बेचेको उखुको भुक्तानी कहिले हुन्छ भन्ने दोधारमा रहेका जिल्लाका उखु उत्पादक किसान सस्तैमा भए पनि सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका बताए ।
बरहथवा नगरपालिका–११ का रत्नबहादुर घिमिरेले सस्तोमै सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका बताए । नगदे बालीका रूपमा रहेको उखु बेच्ने अन्य कुनै विकल्प नभएकाले सक्खर उद्योगलाई सस्तैमा भए पनि उखु बेच्न थालेको बसबरिया गाउँपालिका–२ का उखु उत्पादक किसान रामविलाश महतोले बताए ।
सक्खर उद्योग सञ्चालकले पनि सक्खरको मागअनुसार उखुको मूल्य निर्धारण गर्दै आएका छन् । उत्पादित सक्खरको खपत कम भयो भने उखुको मूल्य पनि कम दिने र माग बढेमा सोहीअनुसार मूल्य बढाएर दिने गरिएको बरहथवा–११ का सक्खर उद्योग सञ्चालक शत्रुधन रायले बताए ।
एघार क्विन्टल उखु पेल्दा एक क्विन्टल सक्खर उत्पादन हुने बरहथवा–११ का सक्खर उत्पादक व्यवसायी रायले बताए । उनका अनुसार उत्पादित सक्खरमध्ये कालो सक्खरको पाँच हजार र सेतो सक्खरको पाँच हजार पाँच सयदेखि छ हजार दुई सय रुपैयाँ प्रतिक्विन्टल बजार मूल्य छ ।

**HANUMANNAGAR KANKALINI MUNICIPALITY**

**Municipality Executive Office Hanumannagar**

**Hanumannagar, Saptari**

***Invitation for Bids***

**(Date ofPublication:15thMangsir, 2080)**

**Contract ID :EGP/NCB/MOHLI-BRIDGE/03-2080/81.**

1. ***The Municipality Executive Office, HanumannagarKankalini*** invites online bids for the following Contracts from the duly registered all eligible bidders :

| Contract No. | Project Name | Bid Fee (NRs). | Bid Security Amount (NRs.) | Bid Validity Period | Bid Security Period |
|---|---|---|---|---|---|
| *EGP/NCB/VET /HOS-BUILD/HNGR/ 02-2080/81.* | Construction of Motorable RCC Bridge at Hanumannagar Kankalini Municipality (Sakhuwa) Ward no - 11, Saptari | 5,000.00 | 10,00,000.00 | 90 Days from the submission of the Bid | 120 Days from the submission of the Bid |

| Descriptions | Last Day | Time | Place to Purchase & Submission | Bank & Account to Deposit | |
|---|---|---|---|---|---|
| | | | | Bid Fee | Bid Security |
| Bid Purchasing Day | 2080/09/16 | Office Hours | PPMO Website : www.bolpatra.gov.np/egp | RBB,Hanumannagar | RBB,Hanumannagar |
| Bid Submission Day | 2080/09/17 | 12.00 | | Acount No. : 2230100301010002 | Acount No. : 2230100303000002 |
| Bid Opening Day | 2080/09/17 | 13.00 | | (RajaswaKhata) | (Dharauti Khata) |

2. For the purpose of bidders who want to submit their bid electronically through PPMO's website http://www.bolpatra.gov.np/egp, the bidders may download and submit bid electronically only, the bidder shall be required to deposit the non-refundable fee as specified above in Revenue account as specified and electronic scanned copy (*.pdf format) of the bank deposit voucher shall also be submitted along with the electronic bid files.
3. PPA 2063 & PPR 2064 (including recent amendments) shall govern the matters not covered in this Tender notice.
4. The bidders are requested to visit and assess site conditions before their bidding.
5. Any amendment in this tender notice shall be posted on the notice board of the client's office and E-procurement website.
6. Pre-bid meeting shall be held at ***the Municipal Executive Office*** at ***6th Poush 2080(22nd December,2023) at 15.00.***
7. Bids received after the deadline mentioned above will be rejected.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administration Officer**

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशद्दष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशद्दष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशद्दष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# आन्दोलनरत युवाको प्रशासनमा धर्ना



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीका युवाले जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन् । रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान अविलम्ब निर्माण माग गर्दै बिहीबार प्रशासनको मूलगेटमा युवा धर्नामा बसे ।

सप्तरी युथ नेपाल अन्तर्गतको आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवको नेतृत्वमा सप्तरी युथ नेपालका कार्यबाहक अध्यक्ष मोहन यादव, निर्माणस्थलमा रिले अनशन बसिरहेका रामकुमार दास, राजविराज नगरपालिका प्रवक्ता एवम् वडा नम्बर ८ का वडाअध्यक्ष जय नारायण मण्डल, सप्तरी युथ नेपालका सदस्य मुस्तकिन आलम, सुरज यादव, बसन्त यादव, अनिल यादव, एलिस यादव, ओमकार कर्ण, करण शर्मालगायतका युवा धर्नामा बसे ।

उनीहरुले शुक्रबार जिल्ला प्रशासन कार्यालयको मूलगेटमा २ घण्टा धर्ना दिने छन् । २०७५ सालमा मन्त्रिपरिषद बैठकले प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । यद्यपि अहिलेसम्म डिपिआर निर्माणबाहेक केही काम भएको छैन । युवाले चरणवद्ध आन्दोलन गरिरहेका छन् ।

# पोखरियालाई कर्मचारी भर्ना सच्याउन अल्टिमेटम

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरिया नगरपालिकाले कानुनविपरीत करारमा कर्मचारी भर्ना गर्न लागेको भन्दै नेपाली कांग्रेस, जसपा, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीले विरोध गर्दै कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

नेपाली कांग्रेसका क्षेत्रीय सचिव सुरेन्द्र प्रसाद सिंह, जसपाका नगर अध्यक्ष राजु साह तेली, माओवादी केन्द्रका नगर अध्यक्ष पन्नालाल पटेल, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला संयोजक दिलीप कुमार कुर्मीले बिहीबार संयुक्तरुपमा प्रेस विज्ञप्ति जारी गर्दै पोखरिया नगरपालिकाले करार कर्मचारी भर्नाका लागि ऐन नियमविपरीत सूचना प्रकाशित गरी विभिन्न पदमा समावेशी सिद्धान्तविपरीत मौखिक, अन्तर्वार्ताको माध्यमबाट आफ्ना नजिकका मान्छेलाई आर्थिक लेनदेनका भरमा नियुक्त गर्न लागिएकोमा आफूहरुको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्तिमा नगरपालिका आर्थिक रुपमा जर्जर रहेको र यस्तो अवस्थामा आर्थिक भार थेग्नै नसक्ने गरी सुनियोजित तरिकाले कर्मचारी भर्ना प्रक्रिया सुरु भएको हुँदा यो प्रक्रिया अविलम्ब बन्द गर्न माग गरिएको छ ।

त्यसैगरी, विज्ञप्तिमा हालसम्म पोखरिया नगरपालिकामा स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारीको संख्यासमेत सार्वजनिक गरी आवश्यक जनशक्तिका लागि पदपूर्ति गर्न नियमसंगत ढंगले नयाँ सूचना प्रकाशित गर्न माग गरिएको छ ।

विज्ञप्तिमा आफूहरुको माग एक हप्ताभित्र पूरा नभए आन्दोलनमा उत्रिने र आन्दोलनबाट हुने असहज परिस्थितिको जिम्मेवार पोखरिया नगरपालिका हुने चेतावनी दिइएको छ ।

# अंग्रेजी माध्यमको पढाइले सामुदायिक विद्यालयमा आकर्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले विद्यालयको स्तर सुधार गर्दै गुणस्तरीय शिक्षामा प्राथमिकता दिएपछि पछिल्लो समय महानगरका सामुदायिक विद्यालयप्रति विद्यार्थी तथा अभिभावकको आकर्षण बढ्दै गएको छ ।

वीरगंज महानगरपालिकाका सामुदायिक विद्यालयको पूर्वाधारको विकाससँगै अंग्रेजी माध्यमबाट समेत शिक्षण सिकाइ थालेपछि निजी विद्यालय छाडेर सामुदायिक विद्यलायमा अध्ययन गर्न आउने विद्यार्थीको संख्या बढेको वीरगंज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत एवम् शैक्षिक महाशाखा प्रमुख अरविन्द लाल कर्णले बताए ।

वीरगंज महानगरपालिकाको पहलमा त्रिजुद्ध मावि, माईस्थान मावि, नरसिंह मावि र सिद्धार्थ माविमा अहिले अंग्रेजी माध्यमबाट पठनपाठन हुँदै आएको छ । ती विद्यालयमा विद्यार्थीको चाप थेगिनसक्नु छ । विद्यार्थी भर्नाको समयमा अंग्रेजी माध्यमबाट पठनपाठन हुने विद्यालयमा प्रवेश परीक्षा लिएरh मात्र विद्यार्थी भर्ना लिन थालिएको त्रिजुद्ध माविका प्रधानाध्यापक नविन मिश्रले बताए । पछिल्लो समय सामुदायिक विद्यालयमा भएको शैक्षिक सुधारले थोरै लगानीमा गुणस्तरीय पठनपाठन हुन थालेपछि अभिभावकसमेत उत्साहित भएका छन् ।

पूर्वाधार विकाससँगै दक्ष शिक्षकबाट नियमित शिक्षण सिकाइ हुन थालेपछि सामुदायिक विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थीको संख्या बढ्दै गएको महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका अधिकृत हरि राउत कुर्मीले बताए । वीरगंज महानगरपालिकाको ३२ वडामा हाल ९१ सामुदायिक र १ सय ३८ संस्थागत विद्यालय सञ्चालनमा छन् । सामुदायिक विद्यालयमा ४३ हजार पाँच सय ६४ र संस्थागत विद्यालयमा ३३ हजार चार सय २४ विद्यार्थी अध्ययनरत छन् ।

स्थानीय तहमा आफू निर्वाचित भएर आएपछि सामुदायिक विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरमा सुधारका लागि प्रयास गरिरहेको वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले बताए ।

विद्यालय भवन, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, शुद्ध खानेपानी, कम्प्युटर प्रयोगशाला, पुस्तकालय, विज्ञान प्रयोगशाला, कालो बोर्डलाई हटाई सेतो बोर्डको व्यवस्थादेखि डिजिटल माध्यमबाट पठनपाठन व्यवस्था तथा दीवाखाजाको व्यवस्थासमेत गरिएसँगै सामुदायिक विद्यालयमा पढने बालबालिकाको संख्यामा उल्लेख्य सुधार आएको छ ।

वीरगंज महानगरपालिकाले सामुदायिक विद्यालयको गुणस्तरमा सुधार ल्याउन पछिल्लो ६ वर्षमा ३० करोड रुपैयाँ भन्दा बढी लगानी गरेको शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले बताए । मुलुकको शैक्षिक सूचकांकमा कर्णाली प्रदेश भन्दा पनि तल रहेको मधेश प्रदेशलाई शैक्षिक रुपमा माथि उकास्न गुणस्तरीयसँगै सर्वसुलभ शिक्षाको अवधारणालाई महानगरले आत्मसात् गरी अगाडि बढेकाले छोटो समयमै वीरगंजले शिक्षा क्षेत्रको सुधारमा फड्को मारेको नगर प्रमुख सिंहले दाबी गरे ।

# दुई दिन लगाएर फाँडियो गाँजा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी र जिराभवानी गाउँपालिकामा लगाइएको अवैध गाँजा खेती प्रहरीले नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्सा तथा इलाका प्रहरी कार्यालय ठोरी, सेढवा, प्रहरी चौकी महादेवपट्टिबाट खटिएको संयुक्त प्रहरी गस्ती टोलीले बुधबार र बिहीबार १६ कठ्ठा १ धुरमा लगाइएको अवैध गाँजाखेती नष्ट गरेको छ ।

ठोरी गाउँपालिका वडा नम्बर ३ र ४ र जिराभवानी गाउँपालिकाको वडा नम्बर १ मा लगाइएको गाँजाखेती नष्ट गरिएको पर्सा प्रहरीका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले बताए । संयुक्त टोलीले बुधबार अवैध रूपमा लगाइएका झन्डै आठ हजार गाँजाका बोट नष्ट गरेको थियो भने बिहीबार ५ हजार १ सय ५० भन्दा बढी गाँजाका बोट नष्ट गरेको थापाले जानकारी दिए । गाँजा खेतीमा संलग्नको पहिचान र खोजतलास भइरहेको डिएसपी थापाले बताए ।

# बालुवा ओसार्ने ट्रयाक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बालुवा तस्करी गरी ल्याउँदै गरेको अवस्थामा एउटा ट्रयाक्टर नियन्त्रणमा लिएको छ । पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ५ देउरियाबाट ना७त ६११८ नम्बरको ट्रयाक्टर प्रहरीले नियन्त्रणमा लिएको हो ।

खोलाको ठेक्का भएपछि बालुवा लोड गरेर जिल्लाका अन्यत्र ठाउँमा पुऱ्याउने नियम छ । तर अहिले ठेक्का नहुँदै बालुवा तस्करी हुन थालेपछि पर्सा प्रहरीले सक्रियता अपनाउँदै समाउने अभियान चलाएको छ । सोहीक्रममा तस्कर समूहले बालुवा लोड गरी निचुटा ल्याउँदै गरेको अवस्थामा ट्रयाक्टर प्रहरीले नियन्त्रणमा लिएको हो ।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरिक्षक रामराजा केशरीको नेतृत्वमा खटिएको टोलीले ट्रयाक्टर नियन्त्रणमा लिएको हो ।

# दुई इलाका प्रशासन सेवा प्रवाहविहीन

**मधेशदृष्टि**
**बारा ।**
कार्यालय प्रमुख नहुँदा इलाका प्रशासन कार्यालय सिम्रौनगढ र इलाका प्रशासन कार्यालय कोल्हबीमा कार्यालय प्रमुख नहुँदा सेवा प्रभावित भएको छ ।

इलाका प्रशासन कार्यालय सिम्रौनगढमा एक महिनादेखि कार्यालय प्रमुख नहुँदा स्थानीय नागरिकता बनाउन सदरमुकाम कलैया धाउन बाध्य भएका छन् । यसअघि गाउँठाउँबाटै एक दिनमै नागरिकता पाएका सिम्रौनगढका स्थानीयले पछिल्लो समय सदरमुकाम धाउनु परेको हो । सिम्रौनगढ, जानकीनगरका पशु रामले नागरिकता बनाउन कलैया धाउनुपर्दा धेरै पैसा खर्च हुने र धेरै दिन लाग्ने गरेको गुनासो गरे । सिम्रौनगढस्थित इलाका प्रशासन कार्यालयका प्रमुख दर्शैँलगत्तै सरुवा भएर अन्यत्र गएपछि नागरिकता वितरण रोकिएको हो । कार्यालयमा एक जना नायव सुब्बा, २ जना कार्यालय सहयोगी मात्र छन् ।

त्यसैगरी इलाका प्रशासन कार्यालय कोल्हबीमा समेत पछिल्लो समय कार्यालय प्रमुख नहुँदा नागरिकता वितरण रोकिएको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ । कोल्हबीका स्थानीय पनि नागरिकता बनाउन कलैया धाउने गरेका छन् । दुई प्रशासनको काम पनि थपिएपछि जिल्ला प्रशासन कार्यालयमा कामको चाप बढेको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए ।

नियमितरुपमा जारी गरिने नागरिकता, प्रतिलिपि नागरिकता लिन आउने सेवाग्राहीको चाप बढेपछि गृह मन्त्रालयमा अधिकृत पठाइदिन पटकपटक अनुरोध गरे पनि सुनवाइ नभएको प्रमुख जिल्ला अधिकारी सापकोटाले बताए ।

# दुर्घटनामा एकै परिवारका तीनको मृत्यु

**मधेशदृष्टि**
**हेटौँडा ।**
मकवानपुरगढी गाउँपालिका–२ धुवाडीपुल नजिक मोटरसाइकल दुर्घटना हुँदा चालकसहित एकै परिवारका ३ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुरगढी–२ कुर्ले पाखाका भीमबहादुर स्याङ्तान, उनकी पत्नी रुपा र छोरी छन् ।

सुकौराबाट कान्तिलोकपथतर्फ आउँदै गरेको प्रदेश ३–०२–०१२ प ६९११ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पुल छेउबाट करिब १२ मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । रुपा र उनकी करिब ७ महिनाकी छोरीको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा घाइते मोटरसाइकल चालक भीमबहादुरलाई हेटौँडा अस्पतालमा सामान्य उपचारपश्चात् चितवन लैजाँदा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

# गैँडा मार्ने आठ जना पक्राउ

**मधेशदृष्टि**
**चितवन ।**
चितवन राष्ट्रिय निकुञ्जमा गैँडा मारेको अभियोगमा आठ जना पक्राउ परेका कछन् ।

निकुञ्जले बिहीबार पत्रकार सम्ममेलन गरी उनीहरुलाई सार्वजनिक गरेको हो ।

केन्द्रीय प्रहरी ब्यूरोको सहयोगमा पक्राउ पर्नेमा मकवानपुर हेटौँडा–३ का रमेश खाती, चितवन राप्तीका पासा भनिने आइतसिंह मोक्तान, मकवानपुर राक्सिराङका शम्सेर थिङ, मकवानपुर मनहरीका सिताराम थिङ, रोल्पा सुनछहारीका अर्जुन रोका, गोरखा बारपाकका धनबहादुर गुरुङ, चितवन कोराकका उनबहादुर स्याङ्तान र मकवानपुर मनहरीका इन्द्रबहादुर तामाङ छन् ।

उनीहरुलाई गैँडा मार्नेदेखि खाग ओसारपसार अभियोग लगाइएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. सिन्दुप्रसाद ढुंगानाले जानकारी दिए ।

उनीहरुबाट १८ इन्च गोलाइ, ६ इन्च उचाइ भएको ४ सय ८० ग्राम तौलको एक र ११.८ इन्च गोलाइ, दुई इन्च उचाइ भएको ६० ग्राम तौल भएको दुईवटा खागसमेत बरामद भएको छ । यसअघि चितवन निकुञ्जको चपरचुली क्षेत्रबाट कात्तिक ३० गते मृत खागविहीन गैँडा फेला परेको थियो ।

# जिहादी आतंकवादविरुद्ध सचेतना

**मधेशदृष्टि**
**रौतहट ।**
राष्ट्रिय एकता अभियानले सदरमुकाम गौरमा जिहादी आतंकवादविरुद्ध सचेतना कार्यक्रम तथा प्रदर्शन गरेको छ । प्रदर्शनको मुख्य उद्देश्य जिहादी आतंकवादविरुद्ध सचेतना फैलाउनु रहेको बताइएको छ । प्रदर्शनक्रममा अभियानका कार्यकर्ताले जिहादी आतंकवादविरुद्ध नारा लगाएका थिए ।

कार्यक्रममा राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले प्रमुख वक्ताका रुपमा सम्बोधन गरेका थिए । उनले जिहादी आतंकवाद गम्भीर समस्या भएको र देशको एकता तथा अखण्डता खतरामा परेको बताए । उनले समस्याविरुद्ध एकजुट भएर लड्नुपर्ने बताए । त्यस्तै, प्रदर्शनमा सहभागी सौरभानाथ महाराजले नेपाल निकट भविष्यमै संघीय हिन्दू गणतन्त्र बन्ने दाबी गरे ।

कार्यक्रममा अभियानका मधेश सम्पर्क समिति संयोजक विनोद सिंह, रौतहट संयोजक रामनिवास सिंह, रौतहट जिल्ला सचिव गुड्डु यादव, महिला संयोजक मिना देवी दास र महिला नेत्री सुशीला देवीलगायतको सहभागिता थियो ।

# प्रदेश सांसद साहसँग पैसा असुल्न ज्ञापन

**सञ्जय मिश्रा**
**रौतहट ।**
फतुवा विजयपुर नगरपालिकामा नेपाली कांग्रेस बाहेकका सर्वदलीय संघर्ष समितिले विभिन्न माग राख्दै बिहीबार नगरपालिकामा ज्ञापनपत्र बुझाएका छन् ।

नगरको हरेक काम तथा गतिविधिमाथि निगरानी एवम् खबरदारी गर्ने उद्देश्यले गठित नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टीलगायत दल सम्मिलित संघर्ष समितिका अध्यक्ष शिवपुजन यादवको नेतृत्वमा गएको टोलीले फतुवा विजयपुरकी मेयर अम्बेया खातुनसँगै प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानलाई ज्ञापनपत्र बुझाएको हो । पालिकामा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न विभिन्न माग राख्दै ज्ञापनपत्र बुझाइएको अध्यक्ष यादवले बताए । केही भ्रष्ट जनप्रतिनिधिका कारण सिंगो नगरपालिका लथालिङ्ग हुनुका साथै भ्रष्टाचारले चरम सिमा नाघेकाले आफूहरु एकजुट भई शान्तिपूर्ण आन्दोलनमा होमिएको यादवले बताए सुकुम्बासी परिचयपत्रका लागि आवेदन दिन दिएको समयमा नगरपालिकामा तालाबन्दी रहेकाले सैयौँ भूमिहीन सुकुम्बासी आवेदन दिनबाट वञ्चित हुँदा आवेदनका लागि पुनः १५ दिन समय दिनुपर्ने माग उनीहरुको छ । त्यस्तै, लालबकैया नदी ठेक्का बन्दोबस्त गरी सर्वसाधारणलाई सहजरुपमा नदीबाट गिटीबालुवा र ढुङ्गा अविलम्ब उपलब्ध गराउन पनि आग्रह गरिएको छ । लालबकैया नदीको ठेक्कापट्टाबापत उठ्न



बाँकी रकम तत्कालीन ठेकेदार तथा प्रदेश सांसद नागेन्द्र साहसँग ९९ लाख रुपैयाँ र अर्का ठेकेदार मीनबहादुर भण्डारीसँग ८८ लाख रुपैयाँ असुल उपर गरी नगरपालिकाको खातामा दाखिला गर्न माग गरिएको छ । साथै, लालबकैयामा डोजर प्रयोग निषेध गर्न माग गरिएको छ ।

# विमानस्थल वरपर फोहोर नगर्न आग्रह

**मधेशदृष्टि**
**बारा ।**
सिमरा विमानस्थल आसपासका बासिन्दालाई प्रदूषणयुक्त क्रियाकलाप नगर्न आग्रह गरिएको छ । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ मा रहेको विमानस्थल आसपासमा धूँवाजन्य कामसहित फोहोर नगर्नसमेत अनुरोध गरिएको हो ।

जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ को कार्यालयले विमानस्थल वरपर धूँवाजन्य क्रियाकलाप र चराचुरुङ्गीका साथै जनावर आकर्षित हुने गरी फोहोर तथा फोहरजन्य पदार्थ जथाभावी नफाल्न आग्रह गरिएको वडाअध्यक्ष हिरा बहादुर गुरुङले बताए । उनले नागरिक उड्डयन कार्यालय सिमराबाट विमानस्थल आसपास प्रदूषण हुँदा समस्या भएको भन्दै पत्र आएपछि वडा कार्यालयले प्रदूषण गर्ने स्थानीयलाई पहिला सम्झाउने–बुझाउने र त्यसपछि नमाने जरिवानासहित कारबाहीमा उत्रिने गुरुङले बताए ।


## सुचना ! सुचना !! सुचना !!!

यस जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित सम्पूर्ण संस्थागत विद्यालयका संस्थापक/प्रिन्सिपलज्यूलाई जानकारी गराइन्छ कि आ-आफ्नो स्कूलबाट T.C. नलिई अन्य स्कूलमा भर्ना गराइएको विद्यार्थीको सम्पूर्ण विवरण यही मंसिर २० गते सम्म PABSON वा N-PABSAN नगर कमिटीमा दर्ता गराउन अनुरोध छ।

उक्त समयपछि T.C. चेक जाँचमा आउँदा विना T.C. विद्यार्थी भर्ना भएको पाइएमा भर्ना लिने विद्यालय नै नेपाल सरकारको शिक्षा नियमावलीबमोजिम दोषी ठहर भई त्यस स्कूलमाथि सामाजिक, प्रशासनिक कारबाही साथै पत्रपत्रिका तथा समाचारमा समेत विद्यालय, विद्यार्थी तथा अभिभावकको नाम, ठेगानासहित आउने हुँदा यसै समय सिमाभित्र T.C. (Transfer Certificate) लिनु हुन अभिभावक साथै हाल अध्ययनरत विद्यार्थीलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आग्रहकर्ता
N-PABSAN तथा PABSON
इकाई कमिटी
जनकपुरधाम उपमहानगरपालिका


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन